**खानपान र जीवनशैली परिवर्तन गरौं, स्वस्थ रहौं**

असन्तुलित खानपान तथा जीवनशैलीका कारण मधुमेह, उच्च रक्तचाप, मस्तिष्कघातजस्ता रोगहरू लाग्न सक्छन् ।

**त्यसैले,**

- सन्तुलित र स्वस्थ खाना खाऔं,
- शारीरिक क्रियाकलाप तथा नियमित व्यायाम गरौं,
- मदिरा, सुर्ती तथा सुर्तीजन्य पदार्थको उपभोग नगरौं,
- प्रशस्त मात्रामा पानी पिउने गरौं,
- तनाव व्यवस्थापन गरौं ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

**PRATEEK DAILY**

# प्रतीक दैनिक

राष्ट्रिय 'क' वर्ग

eprateekdaily .com



निश्शुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।
eprateekdaily.com

❖ वर्ष ३८ ❖ २०८१ कात्तिक २१ गते बुधवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2024 November 06 Wednesday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क ७१

## दलित शिक्षामा प्रभावकारी भएको छ निश्शुल्क टयुशन

प्रस, वीरगंज, २० कात्तिक/

पिस फर दलित्स फाउन्डेशन नेपालको आयोजनामा पर्सा जिल्लाको दुईवटा पालिकाको पाँच स्थानमा चार वर्षदेखि दलित समुदायका बालबालिकाहरूलाई निश्शुल्क टयुशन पढाइँदैछ ।



तस्वीरः प्रतीक

फाउन्डेशन मधेस प्रदेशका अध्यक्ष मनोज रामले २०७७ सालदेखि सखुवाप्रसौनी गाउँपालिकाको चार स्थान र वीरगंज महानगरपालिकाको एक स्थान गरी पाँच स्थानमा मुसहर, चमार, दुसाध, मुस्लिम समुदायका बालबालिकाहरूलाई निश्शुल्क ट्युशन पढाउने काम भइरहेको बताए । उनले अमेरिका, अस्ट्रेलियामा रहेका नेपालीहरूको सहयोगमा अहिलेसम्म ट्युशन सञ्चालन हुँदै आएको र यसमा स्थानीय पालिकाले अहिलेसम्म कुनै पनि सहयोग नगरेको बताए ।

सखुवाप्रसौनी गापा–३ र ५ नं. वडाको कौवा वनकटैया, महुवनको दुई स्थान र वीरगंज महानगरपालिका–१९ केहुनियामा रहेका मुसहर, चमार, मुस्लिम समुदायका बालबालिकाहरूलाई ट्युशन भइरहेको बताए। पाँच स्थानमा अहिले करीब एक हजार बालबालिका निश्शुल्क ट्युशन लिंदै आइरहेका छन् । उनीहरूलाई एकजना शिक्षकबाट दैनिक तीन घण्टा ट्युशन दिइरहेको अध्यक्ष रामले बताए। बिहान र बेलुका विद्यालय जाने र फर्कने समय मिलाएर दैनिक तीन घण्टा ट्युशन दिंदा अहिले दलित बालबालिकाहरू विद्यालयमा टिकाउ भइरहेका र उनीहरू अनुत्तीर्ण हुने सङ्ख्या पनि बिस्तारै कम भइरहेको



बताए ।

निश्शुल्क ट्युशन सञ्चालनबाट विद्यालयमा टिकाउ हुने दलित समुदायका बालबालिकाहरूको सङ्ख्या ७० प्रतिशत बढेको र उत्तीर्ण हुने सङ्ख्या ६० प्रतिशतले वृद्धि भएको उनले बताए । दलित भएको कारण र शिक्षामा कमजोर हुँदा बालबालिकाहरूलाई विद्यालयमा टिकिरहन गाऱ्हो हुने र उनीहरू अन्य समुदायका विद्यार्थीहरूबाट हेपिनुपर्ने हुँदा अहिले त्यस्तो नभएको बताए। समानरूपमा शिक्षा हासिल गर्ने अवसर दलितका बालबालिकाहरूले पनि प्राप्त गरिरहेको र यसको कारण ट्युशन रहेको बताए । अन्य समुदायका बालबालिकासँगै उनीहरूको पनि शिक्षामा पहुँच बढेको र योसँगै विद्यालयमा हेपिने क्रम पनि कम भएको अध्यक्ष रामले बताए ।

कक्षा १–५ सम्मका विद्यार्थीहरूलाई लक्षित गरेर पाँच ठाउँको सडक, बाटो, निजी जग्गामा खुला आकाशमुनि अहिलेसम्म निश्शुल्क ट्युशन दिंदै आएको उनले बताए । उनले दलित बालबालिकाहरूको लागि निश्शुल्क ट्युशन सेवा एनआरएन महुवन र कटैयाबाट शुरू भएको र अहिले पाँच स्थानमा फैलिएको बताए । दलित बालबालिकाहरूको शैक्षिक स्तरोन्नतिका लागि पिस फर नेपाल दलित्स फाउन्डेशन नेपालले शुरूआत गरेको यो अभियानमा स्थानीय पालिकाहरूले सहयोग गरेको भए अझ बढी परिवर्तन हुने उनको भनाइ छ।

दलित बालबालिकाहरूको लागि शिक्षामा पहुँच बढाउने स्थानीय पालिकाको अहिलेसम्म सोच वृद्धि नभएको भन्दै उनले यसका लागि जनप्रतिनिधिहरूले भन्ने भन्दा पनि गरेर देखाउनुपर्ने बताए। चार वर्षदेखि खुला आकाशमा सडकछेउमा निश्शुल्क ट्युशन दिंदै आए पनि पालिकाहरूले यसको उचित व्यवस्थापन गर्न नसकेकोमा उनले दुःख व्यक्त गरेका छन् । पालिकाहरूले कम्तीमा दलित बालबालिकाहरूलाई हावाहुरी, वर्षा, जाडोयाममा ट्युशन सहज उपलब्ध होस् भन्ने हेतुले छानाको व्यवस्था गरिदिएको भए उनीहरूको पढाइमा अझ बढी परिवर्तन हुने अध्यक्ष रामले बताएका छन् ।

विपद्को समयमा अध्यापन प्रभावित हुने हुँदा चाडपर्वमा पनि दलित बालबालिकाहरूलाई सीमित अवधिको बिदा दिएर नियमित ट्युशन दिने कार्य भइरहेको छ । दशैंमा तीन दिन, दीपावलीमा दुई दिन र छठमा दुई दिन मात्र बिदा दिएर टयुशनलाई निरन्तरता दिएको उनले बताए ।

## छठमा ११ सय गरीबलाई निश्शुल्क कपडा

प्रस, वीरगंज, २० कात्तिक/

वीरगंज कपडा बैंकले छठपूजालाई लक्षित गरेर गरीब असहाय,



तस्वीरः प्रतीक

दीनदुःखीहरूलाई निश्शुल्क कपडा वितरण गरेको छ ।

घण्टाघरमा सोमवार ११०० थान नयाँ–पुरानो कपडा वितरण गरिएको कपडा बैंकका सचिव कन्हैया पटेलले बताए । उनले नयाँ–पुरानो साडी, सर्ट, पाइन्ट, पैजामा, स्वेटर, ज्याकेट तथा बालबालिकाहरूको कपडा गरेर ११०० थान वितरण गरिएको जानकारी गराएका छन् । बडादशैं, दीपावलीमा पनि वीरगंज कपडा बैंकले निश्शुल्क कपडा वितरण गरेको थियो ।

वीरगंज कपडा बैंकका अध्यक्ष लालबाबू सिंहको अध्यक्षतामा भएको कार्यक्रममा बैंकका संरक्षक सुरेन्द्रप्रसाद कुर्मी, सल्लाहकारहरू पन्नालाल गुप्ता, ओमप्रकाश गुप्ता, डा सुषमा तिवारी, अखिलेश तिवारी, हुकुम सिंह, नेजामुद्दीन समानी, सतीशसिंह राजपूत, मोनिका सिंह, प्रकाश थारू, राजेन्द्र भट्टराईलगायत सहभागी थिए ।

बैंकका संरक्षक कुर्मीले जोसँग धेरै कपडा छ हामीलाई दिएर जानुस् र नहुनेले निश्शुल्क लिएर जानुस्को नारालाई विगत छ वर्षदेखि सार्थक बनाउँदै आएको र यो अभियानमा सघाउने सबैलाई धन्यवाद ज्ञापन गरे । उनले चाडपर्वमा गरीब, दीनदुःखीहरूले पनि कपडाको कारण तनाव लिन नपरोस् भनेर निश्शुल्क वितरण गरिएको बताए । उनले चाडपर्वबाहेक सातामा आइतवारदेखि शुक्रवारसम्म बिहान १०:३० देखि ५:३० बजेसम्म वीरगंज महानगर–८ वीरगंज सामुदायिक आँखा अस्पताल नजीक कार्यालयबाट निश्शुल्क कपडा वितरण कार्य जारी रहेको जानकारी गराएका थिए ।

उनले विभिन्न स्थानमा निश्शुल्क कपडा वितरण कार्यक्रम गर्दै आएको र चाडपर्व, विपद्लगायतमा वीरगंज कपडा बैंकले सेवा पुऱ्याउँदै आएको जानकारी गराए। संरक्षक कुर्मीले आम्दानीको ५–१० प्रतिशत सामाजिक सेवामा खर्चेको खण्डमा अरूको आस पर्नु नपर्ने र आफैंबाट सामाजिक कार्य गर्न सकिने भन्दै सो अभियानमा सघाउन आग्रह गरेका थिए ।

## अनधिकृत मेला नलगाउन नगरप्रमुखको आग्रह

प्रस, सिम्रौनगढ, २० कात्तिक/

पचरौता नगरपालिका–७ बेनौलीमा यही २४ र २५ गते लाग्ने महाबिरी झन्डा मेला सम्बन्धमा सोमवार पत्रकार सम्मेलन गरी जानकारी गराइएको छ।

नगरप्रमुख जालन्धर सिंहले बेनौलीमा वर्षौंदेखि महाबिरी झन्डा मेला लाग्दै आएको र यस वर्ष पनि लाग्ने र त्यसको तयारी भइरहेको बताए। उनले महाबिरी झन्डा मेलामा सुरक्षा व्यवस्था चुस्तदुरुस्त बनाउन सम्बन्धित निकायसँग छलफल भएको भन्दै गत वर्ष लागेको मेलाबारे पत्रकार सम्मेलनमार्फत जानकारी गराएका थिए ।

गत वर्ष लागेको मेलामा दोहोरो झडप भएको र सो क्रममा १८ राउन्ड हवाइ फायर पनि गर्नुपरेको भन्दै सो कुरालाई दृष्टिगत गरेर यसपटक



मेलाबारे जानकारी गराउँदै नगरप्रमुख जालन्धर सिंह । तस्वीरः प्रतीक

राजनीतिक दलका प्रतिनिधि, अगुवा, भद्रभलादमी र मेला समितिसँग जिल्ला प्रशासन कार्यालय, कलैयामा बैठक बसी वडा कार्यालयको संयोजनमा मेला लगाउने सहमति भएको बताए । उनले स्थानीय सरकार सञ्चालन ऐन २०७४ बमोजिम मेला र सांस्कृतिक कार्यक्रम स्थानीय सरकारको अधिकार क्षेत्रभित्र रहेको र कानूनबमोजिम वडा कार्यालयको सिफारिशमा मेला समिति गठन भएको र यस सम्बन्धमा कारबाइ अगाडि बढेको बताए ।

उनले यसपटक पनि मेला अनियमित पार्ने तरीकाले एक समूहले सोही दिन मेला लगाउन अर्को समिति पनि गठन गरेको बुझिन आएको भन्दै सो समिति आधिकारिक नभएको बताए ।

उनले कात्तिक १२ गतेको निर्णय अनुसार छठको भोलिपल्टदेखि बेनौली–७ मा मेला लगाउने र सो भिखना पोखरीको डिलमा लाग्ने निर्णय भएको बताए। यसबाहेक नगरपालिका क्षेत्रभित्र अन्य कुनै पनि मेला लाग्न नसक्ने भन्दै सो दिन सुरक्षा व्यवस्था मिलाउन सम्बन्धित निकायमा पत्राचार भइसकेको बताए ।

## पर्साको ग्रामीण क्षेत्रमा पाँच दिनमा सातजनाको मृत्यु

प्रस, पोखरिया, २० कात्तिक/

पर्साको ग्रामीण क्षेत्रमा दीपावली बिदाको पाँच दिनमा सातजनाको मृत्यु भएको छ ।

चारजनाले झुन्डिएर आत्महत्या गरेका थिए भने एकजना डुबेर मरेको, एकजनाको सवारी दुर्घटनाबाट मृत्यु भएको हो। कात्तिक १५ गते छिपहरमाई गाउँपालिका–५ निवासी १६ वर्षीय मुन्नी खातुनले झुन्डिएर आत्महत्या गरिन् । भोलिपल्ट बहुदरमाई नपा–८ रामनगरी निवासी १४ वर्षीया इसरत खातुनले पनि झुन्डिएर आत्महत्या गरिन् । १७ गते सोही ठाउँ निवासी १७ वर्षीया निजमा सहनीको डुबेर मृत्यु भयो। सहनी डुबेर मरेको भनिए पनि गाउँघरमा आत्महत्या गरेको कुराले चर्चा पाएको छ ।

कात्तिक १८ गते पकाहामैनपुर गापा–१ धोरे निवासी १५ वर्षीया तमन्ना खातुनले पनि झुन्डिएर आत्महत्या गरिन्। कात्तिक १७ गते बहुदरमाई नपा–८ रामनगरीका एकबाल चौधरीको सवारी दुर्घटनामा मृत्यु भयो भने कात्तिक १९ गते धोबिनी गाउँपालिका–२ भिखमपुरमा रुक्साना खातुनले सोमवार दिउँसो आत्महत्या गरिन् ।

प्रहरीले जनाए अनुसार खातुनले घर मा कोठा बन्द गरेर पासो लगाएर आत्महत्या गरेकी हुन् । घटनाबारे थप अनुसन्धान जारी रहेको बताएका छन् ।

## छठपूजा आजदेखि विधिवत् शुरु

प्रस, वीरगंज, २० कात्तिक/

आजदेखि छठपर्व शुरू भएको छ । सूर्यको आराधना र पूजा गरी हर्षोल्लासका साथ मनाइने छठपर्वको पहिलो दिन व्रतालुहरूले नुहाइधुवाइ पूजा गरेर शुद्ध खाना खाएका छन् ।

बुधवार दिनभरि भोको बस्ने र सूर्यास्तपछि खिरपुडी (रसियारोटी) खाएर व्रत तोडिन्छ। यसैगरी बिहीवार दिनभरि निर्जल व्रत बस्ने र साँझ अस्ताउँदो सूर्यलाई अर्घ दिएर जागा बस्ने गरिन्छ। सो दिन रातभरि तलाउ, नदी,खोलामा जाग्राम बस्ने, भाकल भएकाहरूले कोसी भर्ने र भोलिपल्ट अर्थात् शुक्रवार बिहान उदाउँदो सूर्यलाई अर्घ्य दिएर छठपूजाको विधिवत् समापन गरिन्छ ।



तस्वीरः प्रतीक

विचारसार र सूक्तिहरू

**तिम्रो आँसु कसैले देख्दैन, तिम्रो नियास्रोपना कसैले महसूस गर्दैन, तिम्रो पीडा कसैले थाहा पाउँदैन। तर यी सबैले तिम्रा गल्तीहरू भने देखिरहेका हुन्छन् ।**


| | | |
|---|---|---|
| प्रकाशक | : | प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११ |
| प्रधान सम्पादक | : | जगदीशप्रसाद शर्मा |
| व्यवस्थापक/सम्पादक | : | विकाश शर्मा |
| सम्पादक | : | शत्रुघ्न नेपाल/खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : | आरके पटेल |
| बारा विशेष प्रतिनिधि | : | गम्भीरा सहनी |

मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति टोल, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail .com, prateekdainik@yahoo .com
Website: www.eprateekdaily.com


# अब त रुन मन लाग्छ

**देशलाई बाहिरकाले त भ्रष्ट र पङ्गु भने-भने, अब आफ्नै देशवासीलाई पनि यस देशमा सत्तामा बस्नेहरूलाई सतीको श्राप लाग्ने गरेकै हो भन्ने विश्वास बढ्न थालेको छ। राजनीतिका सञ्चालकहरू नै भ्रष्ट भएपछि देशले निकास पाउन गाह्रो हुन्छ । राजनीतिमा आरोप-प्रत्यारोप चल्नु स्वाभाविक हो । कसैले आरोप लगाउँदैमा कोही दोषी हुँदैन, कसैले प्रत्यारोप गर्दैमा ऊ चोखो छ भन्न सकिंदैन । हामीकहाँ त एउटा के मनोविज्ञान हावी छ भने आफूलाई निर्दोष देखाउन अरूलाई दोषी देखाऊ। आजसम्म नेपालको राजनीति यसै मनोविज्ञानले चलिरहेको छ। खासगरी राजनीतिक दलका टाउकेहरू नै तारन्तार भ्रष्टाचारमा मुछिनु, उनका जति निकट जो छन्, उनीहरूमाथि उत्तिकै भ्रष्टाचारको बाछिटा पर्नु स्वाभाविक भए पनि तिनका चलखेल बाछिटा पर्नुभन्दा कहीं बढी माथिको देखिने गरेको छ । राजनीति नै भ्रष्ट भएपछि कर्मचारीहरू चोखो हुन सक्दैनन् । कर्मचारीका पनि कुरा छाडौं, मन्त्रीहरू त भ्रष्ट भए भए, उनीहरू अधिकारप्राप्त छन्, तर उनीहरूकै अधिकारको छत्रछाया तथा प्रत्याभूतिमा छोरा, स्वास्नी, भाइ-भतिजाहरूद्वारा एकसेएक कारनामा हुनु यताका दिनमा गनेर साध्य नहुने अवस्था बनेको छ ।**

**भर्खरै रवि लामिछानेमाथि छानबीन हुँदैछ । भर्खर जन्मेको पार्टी, भर्खर नेतृत्वमा आएका एकजना युवा, जसको प्रखर भाषण, सुझबुझले देशले गति लेला भन्ने विश्वास जागेको थियो, कठालो नै समातिनेगरी भ्रष्ट आचरणका पात्र बन्दैछन्। नेपाली जनताले रैथाने राजनीतिक पार्टीहरूबाट कुनै उपलब्धि हात नलाग्ने देखेर नै यस नयाँ युवाको नेतृत्वमा गठित पार्टीमाथि विश्वास व्यक्त गरेको थियो। आँखा चिम्लेर साथ दिएको थियो । तर दूधले धोएको नभएर उनीमाथि लागेको आरोपले उनलाई भ्रष्टाचारको आहालमा चुर्लुम्म डुबाएको देखिन थालेको छ। आज देशमा देखा परेका युवा राजनीतिज्ञहरू, जसले भोलि केही गर्लान् भन्ने आस जागेको थियो, ती एकएक गरेर आरोपहरूको जालोले बेरिंदै गएका छन् । कसैलाई बाख्रा चोरको आरोप लगाइन्छ, कसैमाथि अशोभनीय कृत्यको दोष लगाइन्छ । राजनीतिको पुरानो पुस्ताले त 'जोगी बन्नका लागि राजनीति गरेको होइन' भन्ने मान्यता नै बनाइसकेको छ । आजको सङ्क्रमणकालीन राजनीतिक परिवेशले उनीहरूलाई नै घरीघरी सत्तामा पुग्ने भऱ्याङ उपलब्ध गराइराखेको छ । र सत्तामा रहुन्जेल तिनका दोष निखन्ने काम भइरहन्छ। सबल के नहीं कछु दोष गोसाईं भन्ने कुरा त गोस्वामी तुलसी दासले भनि नै दिएका छन्। ती जबसम्म सबल रहन्छन्, दोषबाट मुक्त भइरहन्छन्। त्यसैले सबल बन्नका लागि सबै नैतिकतालाई तिलाञ्जली दिएर सत्ता परिवर्तन गरिरहन्छन्। दोष कोटयाउने सत्ताबाट बाहिर हुत्याइन्छ र उसमाथि दागा राखिन्छ ।**

**भ्रष्टाचारको परिघटनाहरूमा रवि लामिछाने सानो माछा हुन् । जालमा फसे । भ्रष्टाचारको मगरमच्छलाई समात्ने बलियो जाल बन्न सकेको छैन । मगरमच्छको चालामाला र व्यवहार बुझेको नयाँ पुस्ताले नै यस्तो जाल बनाउन सक्छ । त्यसैले नेपाली मनले भन्छ, युवा राजनीतिज्ञहरूमाथि लागेका सबै आरोप गलत साबित होउन्। कोही त चोखो छ भन्ने कुराले देशको मान बढ्छ, जनताको हौसला बुलन्द हुन्छ। कुरा रवि लामिछानेको होइन, कुरा हो, यो विश्वासको कि, कोही त छ जो साँच्चीकै देशको लागि राजनीति गरिरहेको छ । रवि लामिछाने नहुन् अरू कोही होस्, व्यक्तिले फरक पर्दैन, फरक पर्ने व्यक्तित्वले हो ।**

# रूपान्तरणका लागि कृषिमा लगानी दशक

अर्थ-उद्योग-वाणिज्य




शीतल महतो
shitalmahato@gmail.com


**कृषिक्षेत्रसँग सम्बन्धित उत्पादनदेखि उत्पादकत्वसम्म, व्यवसायीकरणदेखि बजारीकरणसम्म, आधुनिकीकरणदेखि आयआर्जनसम्मका समस्याको समाधान खोज्नेतर्फ सङ्घ, प्रदेश र स्थानीय सरकारले एकीकृत नीति ल्याउनुपर्ने अहिलेको प्रथम आवश्यकता हो ।**

मुलुकको अर्थतन्त्रको प्रमुख आधार क्षेत्रका रूपमा रहेको कृषि क्षेत्रको योगदान क्रमशः घट्दै गइरहेको छ । विगत २० वर्षको अवस्था हेर्ने हो भने यो क्षेत्रको वृद्धि दर १.३ प्रतिशत मात्र रहेको थियो । जबकि तत्कालीन समयमा कृषि क्षेत्रले देशको कुल गार्हस्थ्य उत्पादनमा झन्डै ४० प्रतिशत हिस्सा ओगटेको थियो । अहिले पनि यो अंश ३० प्रतिशतको हाराहारीमैं छ। मुलुकको करीब ६० प्रतिशत जनसङ्ख्या कृषिमैं आश्रित छ । अर्थतन्त्रको मुख्य क्षेत्र नै यति कमजोर हुँदा त्यसले देशको समग्र आर्थिक वृद्धिमा नकारात्मक प्रभाव पारेको छ । युवालाई रेमिट्यान्स र रेमिट्यान्सलाई भन्सारसँग जोडेर उत्पादकलाई उपभोक्तामा रूपान्तरण गराउने नीतिले मुलुकको भविष्य अन्योलतर्फ उन्मुख भइरहेको छ । राजस्वको लोभमा खेतीयोग्य जमीनको खण्डीकरण र ढुङ्गा, बालुवाको अधिक दोहनले कृषियोग्य जमीनमा पुऱ्याएको क्षति अपूरणीय छ। यसरी उठाइएको राजस्वले ऋणको किस्ता, सामाजिक सुरक्षा र साधारण खर्चसमेत नधान्ने अवस्थामा अनावश्यक तथा अनुत्पादक संरचना घटाउन तथा उत्पादन र रोजगारमा लगानी बढाउन मुलुकको प्रमुख राजनीतिक दल र सरकार तयार नदेखिनु विडम्बना हो ।

नेपालको खेतबारीमा प्रत्येक वर्ष १० देखि २० प्रतिशतसम्म विषादि प्रयोग बढिरहेको तीतो यथार्थ छ । प्लान्ट क्वारेन्टाइन तथा विषादि व्यवस्थापन केन्द्रका अनुसार गत आर्थिक वर्षमा ११८४ मेट्रिक टन विषादि आयात भएको थियो । चालू आर्थिक वर्षको बजेट वक्तव्यमा रासायनिक विषादिको उपभोग निरुत्साहित गर्दै जैविक विषादि प्रवर्द्धन गर्ने उल्लेख छ । तर त्यसका लागि आवश्यक बजेट र कार्यक्रम कहींकतै उल्लेख भएको देखिंदैन । नेपालमा आवधिक योजनाहरूमा कृषि क्रान्ति गर्ने, रोजगार सिर्जना गर्ने, उत्पादन वृद्धि गर्ने, आयात प्रतिस्थापन गर्नेजस्ता विषयलाई प्राथमिकतामा राखेको पाइन्छ। कुल गार्हस्थ्य उत्पादनमा हाल उत्पादनमूलक उद्योगको हिस्सा ५.२ प्रतिशत छ। चालू आवधिक योजनाले आगामी २०८६ सम्म उत्पादनमूलक उद्योगको हिस्सा ०.२ प्रतिशत मात्र बढाउने लक्ष्य लिएको छ। यसले उत्पादन र रोजगार वृद्धिको नारा नारामैं सीमित रहने अवस्था देखिएको छ । हुनत सरकारले कृषि क्षेत्रको विकासका लागि 'कृषिमा लगानी दशक' (२०८१-२०९१) घोषणा गरी सरकारी, निजी, सहकारी तथा विकास साझेदारको लगानी वृद्धि गर्ने घोषणा गरेको छ। तर गत आर्थिक वर्षको तुलनामा कृषि क्षेत्रको बजेटमा भने १ अर्ब ६९ करोड रुपियाँ कम विनियोजन गरेको छ। गत आर्थिक वर्षमा कृषितर्फ ५८ अर्ब ९८ करोड बजेट विनियोजन गरिएकोमा चालू आर्थिक वर्षमा ५७ अर्ब २९ करोड मात्र बजेट विनियोजन गरिएको छ ।

कृषिबाली उत्पादनमा मुख्य भूमिका रहने रासायनिक मलको अनुदान रकम पनि घटेको छ । रासायनिक मलको अनुदान २ अर्ब ५ करोड रुपियाँ घटेको हो । सरकारले चालू आर्थिक वर्षका लागि कुल कृषि बजेटको ५२ प्रतिशत अर्थात् २७ अर्ब ९५ करोड बजेट रासायनिक मलमा मात्र विनियोजन गरेको छ। जबकि गत आर्थिक वर्षका लागि ३० अर्ब विनियोजन भएको थियो। सरकारका थुप्रै नीति र रणनीतिमा उल्लेख गरिएको प्राङ्गारिक कृषिको प्रवर्द्धन अन्तर्गत जैविक मल उत्पादनमा केही पनि बजेट विनियोजन गरिएको छैन । तर पनि चालू आवधिक योजना र रणनीतिमा हाल माटोमा भएको प्राङ्गारिक पदार्थमा १.९६ बाट बढाएर २.५-४ प्रतिशतसम्म पुऱ्याउने लक्ष्य लिएको देखिन्छ । रासायनिक मलमा झन्डै ५३ प्रतिशत बजेट विनियोजन गर्न सफल सरकारले पर्यावरण सन्तुलन, आयात प्रतिस्थापन र आत्मनिर्भर उन्मुख कृषि क्षेत्रमा महत्त्वपूर्ण योगदान दिन सक्ने गोठे/जैविक मलमा लगानी गर्न सकेको छैन । यसले आयात प्रतिस्थापन र आत्मनिर्भर उन्मुख कृषि क्षेत्रको विकासका लागि सरकार गम्भीर नरहेको स्पष्ट देखिन्छ ।

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाको बजेट पनि घटेको छ । यस परियोजनाका लागि गत आर्थिक वर्षमा ३ अर्ब २२ करोड रुपियाँ विनियोजन गरिएकोमा चालू आर्थिक वर्षका लागि २ अर्ब ९८ करोड मात्र विनियोजन भएको छ । परियोजना अन्तर्गत ८,७१० पकेट, १,५८७ ब्लक, १७७ जोन र १६ सुपर जोनमार्फत कृषि बाली उत्पादन भइरहेको छ। सरकारले कृषिको व्यवसायीकरण, आधुनिकीकरण गरी उत्पादन र उत्पादकत्व बढाउने लक्ष्य लिएको छ। भूगोल, बजार सम्भाव्यता र पारिस्थितिक विशिष्टता अनुकूल सङ्घ, प्रदेश र स्थानीय तहबाट कृषि उपजको विशेष क्षेत्र पहिचान गरी उत्पादन प्रवर्द्धन गरिने नीति सरकारको छ। कृषि उपजको उचित मूल्य र बजार सुनिश्चित गर्न सरकार, किसान र व्यवसायी सहभागी हुनेगरी करार खेती प्रवर्द्धन गरिने नीति पनि सरकारको छ। कृषि उपज सङ्कलन, प्रशोधन र निर्यात गर्ने फर्मले स्थानीय कृषकलाई आवश्यक पर्ने मल, बीउ तथा अन्य सामग्री प्रदान गरी कृषि उत्पादन खरीद गर्ने सुनिश्चित गरेमा उत्पादित उपजको परिमाणको आधारमा मल, बीउ, कृषि प्रसार सेवा र कर्जामा ब्याज अनुदान प्रदान गर्ने नीति सरकारले लिएको छ । त्यस्तै कृषिको व्यवसायीकरण गर्न राजमार्ग केन्द्रित ३०० उत्पादक संस्थालाई शुरूआती पूँजी उपलब्ध गराई बजार सुनिश्चित हुने व्यवस्थाका लागि सरकारले चालू आर्थिक वर्षमा १ अर्ब १२ करोड रुपियाँ बजेट विनियोजन गरेको छ ।

सरकारले जग्गा एकीकरण र चक्लाबन्दी गरी व्यावसायिकरूपमा सामूहिक खेती गर्ने कृषकलाई कर छुट दिने व्यवस्था मिलाएको छ। हिमाल र पहाडमा ५० रोपनी तथा तराईमा १० बिघाभन्दा बढी जग्गा एकीकरण र चक्लाबन्दी गरी व्यावसायिकरूपमा सामूहिक खेती, पशुपन्छी पालन एवं जडीबुटी खेती गर्ने व्यक्ति, फर्म तथा सहकारीलाई ब्याज अनुदान, प्राविधिक सहयोग र मेशीनरी आयातमा कर छुट प्रदान गरिने नीति सरकारको छ।

त्यस्तै सरकारी, सार्वजनिक, नदी उकास र निजी स्वामित्वमा रहेको बाँझो जमीन स्थानीय तहमा अभिलेखीकरण गरी कृषिबाली, फलफूल, तरकारी, घाँसेबाली, जडीबुटी, पशुपन्छीपालन र मत्स्यपालनमा उपयोग गर्न सकिन्छ । त्यस्तै मसिनो तथा वासनादार धान, उखु, मकै, दूध, माछा, मासु, कफी, चिया, अदुवा, बेसार, अकबरे खुर्सानी, प्याज, आलुलगायत कृषि बाली उत्पादन प्रवर्द्धन गर्न उन्नत बीउ, सिंचाइमा अनुदान उपलब्ध गराएर बजार सुनिश्चित गरिने छ भने चैते धान र हिउँदे मकै विस्तार, रैथाने बाली उत्पादन तथा उपभोग प्रवर्द्धन गरिने नीति सरकारको छ। सरकारले चालू आर्थिक वर्षका लागि उखु खेती गर्ने किसानलाई प्रोत्साहन गर्न २ अर्ब २५ करोड रुपियाँ बजेट विनियोजन गरेको छ।

त्यस्तै गाईभैंसी नश्ल सुधारका लागि ३८ र भ्याक्सिन उत्पादन गर्न ४० करोड तथा पशुपन्छीको रोग नियन्त्रण गर्न ५ करोड डोज खोप उत्पादन गरिने लक्ष्य सरकारको छ। पशु नश्ल सुधारमार्फत उत्पादन र उत्पादकत्व वृद्धि गर्न उन्नत जातको राँगा, साँढे तथा बोयर बोकाको ६ लाख डोज सिमेन उत्पादन गरी सबै स्थानीय तहमा कृत्रिम गर्भाधान सेवा विस्तार गरिने घोषणा गरेको थियो । तर कार्यान्वयन हुन सकेको छैन ।

भर्खरै समाप्त भएको १५औं आवधिक योजना २०७६-७७/२०८०-८१ ले कृषि क्षेत्रमा न्यूनतम बजेट ८.७७ प्रतिशत विनियोजन गर्नुपर्ने दिशानिर्देश गरेको थियो। तर, सो अवधिमा औसतमा २.५ प्रतिशतबाट बजेट माथि उठ्न सकेको छैन। १६औं आवधिक योजना कार्यान्वयन र कृषि लगानी दशकको पहिलो वर्षमैं गत आर्थिक वर्षभन्दा एक अर्ब ६९ करोड बजेट घटाएर विनियोजन हुनुलाई कृषि क्षेत्रलाई विशेष प्राथमिकतामा राखिएको सरकारको प्रतिबद्धता केवल नारामा मात्रै सीमित भएको देखिन्छ ।

एकातिर साधारण खर्च अत्यधिक बढेको छ भने अर्कातिर विकास खर्च खुम्चिंदै गएको छ । आर्थिक सर्वेक्षण २०८०-८१ अनुसार सङ्घीयता कार्यान्वयनको सात वर्षयता सरकारको पूँजीगत खर्च औसतमा १८.२ प्रतिशतभन्दा बढीले नाघ्न सकेको छैन । मुलुकको अधिकांश आर्थिक सूचक नकारात्मक देखिएको छ । यसलाई सकारात्मक बनाउने भनेको आन्तरिक उत्पादनले नै हो । तर पर्याप्त बजेट र जनशक्ति अभावमा अनुसन्धान शिक्षा र प्रसारजस्ता निकाय, साना सिंचाइदेखि राष्ट्रिय गौरवका आयोजना, कृषि विकासका नाममा खडा गरिएका सरकारी परियोजना लथालिङ्ग अवस्थामा छन् ।

जलवायु परिवर्तनको असरले एकपछि अर्को विपत्ति थप्दै लगेको छ। यस्तो अवस्थामा ग्रामीण अर्थतन्त्रलाई चलायमान बनाउन एउटै विकल्प भनेको कृषिमा लगानी वृद्धि मात्र हो । त्यसैले कृषिक्षेत्रसँग सम्बन्धित उत्पादनदेखि उत्पादकत्वसम्म, व्यवसायीकरणदेखि बजारीकरणसम्म, आधुनिकीकरणदेखि आयआर्जनसम्मका समस्याको समाधान खोज्नेतर्फ सङ्घ, प्रदेश र स्थानीय सरकारले एकीकृत नीति ल्याउनुपर्ने अहिलेको प्रथम आवश्यकता हो ।

# नेकपा (एकीकृत समाजवादी) : 'एक पद एक व्यक्ति' को संरचना

काठमाडौं, २० कात्तिक/रासस

नेपाल कम्युनिस्ट पार्टी (एकीकृत समाजवादी) ले पार्टीले सबै तहका कमिटीमा 'एक पद एक व्यक्ति' प्रणालीका आधारमा कार्यविभाजन गर्ने भएको छ। सङ्गठन, थप सुदृढीकरण र गतिशील बनाउन पार्टीका सबै तहका नेतालाई व्यवस्थापन गर्न 'एक पद एक व्यक्ति'को अवधारणा कार्यान्वयन गर्न लागिएको हो । पार्टीमा आलोचनात्मक टिप्पणी गर्ने, फरक विचार पक्षधरलाई ठोस जिम्मेवारीमा केन्द्रित गर्नेगरी नेताको जिम्मेवारी कार्यविभाजन गर्न लागिएको सचिव सोमप्रसाद पाण्डेयले जानकारी दिए ।

पार्टी संरचनामा कार्यविभाजन गर्न पार्टी अध्यक्ष माधवकुमार नेपालको नेतृत्वमा सम्मानित नेता झलनाथ खनाल, महासचिव घनश्याम भुसालसहित सात पदाधिकारीको कार्यदल गठन गरिएको छ।

कार्यदलले पार्टीका असन्तुष्ट नेतासँग छलफल गरी उनीहरूलाई पनि केन्द्रीय जिम्मेवारी प्रदान गर्ने तयारी गरेको पार्टीले जनाएको छ ।

नेताहरूको क्षमता, विगतका कार्यसम्पादनको मूल्याङ्कन गर्न गठित कार्यदलले जिम्मेवारी हेरफेर तथा साङ्गठनिक संरचनामा कार्यविभाजनका लागि गृहकार्य गरेको सचिव पाण्डेले बताए ।

अध्यक्ष नेपाल विदेश भ्रमणमा रहेकाले उनी स्वदेश फिर्ता भएपछि पार्टी विभागीय प्रमुख तथा जनवर्गीय सङ्गठन, प्रदेश इन्चार्ज तोकिने र आवश्यकतानुसार अन्य नेताहरूको कार्यविभाजन गरिने जनाइएको छ।

पार्टीले समान विचारधारा भएका पार्टी, कम्युनिस्ट पार्टीको निर्माणमा महत्त्वपूर्ण भूमिका निर्वाह गरेका नेताहरूसँग कार्यदलले छलफल गरेको सचिव पाण्डेयले जानकारी दिए ।

# पाँच करोड ठगी गर्ने बिनु कम्बोडियाबाट पक्राउ

काठमाडौं, २० कात्तिक/रासस

वैदेशिक रोजगार ठगीलगायत मुद्दामा इन्टरपोलबाट 'रेड नोटिस' जारी भएका फरार व्यक्ति कम्बोडियाबाट पक्राउ गरी नेपाल ल्याइएको छ ।

सिन्धुपाल्चोक मान्खा ठेगाना भएकी बिनु शाक्यलाई इन्टरपोलको कम्बोडिया शाखासँग समन्वय गरेर पक्राउ गरी ठगी मुद्दामा कारबाइ गर्ने/गराउने प्रयोजनार्थ स्वदेश ल्याइएको नेपाल प्रहरीका प्रवक्ता प्रहरी नायब महानिरीक्षक दानबहादुर कार्कीले जानकारी दिए। उनी वैदेशिक रोजगारमा सिङ्गापुर पठाइदिन्छु भनी ४० जनाभन्दा बढी व्यक्तिबाट रु पाँच करोड दुई लाख ९४ हजार ठगी गरी फरार भएकी थिइन् ।

आरोपी बिनु शाक्य र उदयपुर त्रियुगा नगरपालिका-१० ठेगाना भएका सुजन आचार्यलाई अन्तर्राष्ट्रियस्तरमा खोजतलाश एवं पक्राउ गर्न नेपाल प्रहरी प्रधान कार्यालय अपराध अनुसन्धान विभाग इन्टरपोल शाखामा अनुरोध भएपश्चात् २०८० माघ १९ गते उनीहरूविरुद्ध रेड नोटिस जारी भएको थियो ।

अन्तर्राष्ट्रियस्तरमा खोजतलाश गरी नेपाल फिर्ता ल्याई सम्बन्धित कसूरमा कानूनी कारबाई चलाउन नेपाल प्रहरीको अपराध अनुसन्धान विभाग इन्टरपोल शाखाबाट इन्टरपोलका सम्पूर्ण सदस्य राष्ट्रहरूलाई पत्राचार गरिएकोमा २०८१ असोज १ गते कम्बोडियाबाट दुवैजनालाई पक्राउ गरिएको थियो ।

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४४८

# सात वर्षमा पूरा भयो चिलिमे–त्रिशूली प्रसारण लाइन

रसुवा, २० कात्तिक/रासस

छ वर्ष १० महीनामा चिलिमे– त्रिशूली प्रसारण लाइन निर्माण सम्पन्न भएको छ। निर्माण पूरा भएसँगै सो प्रसारण लाइनको परीक्षणको तयारी थालिएको छ।

भौगोलिक कठिनाई, विभिन्न विपद्का कारण तोकिएको समयमा निर्माण सम्पन्न हुन नसेकेको २२० केभी क्षमताको सो प्रसारण लाइनको काम यही कात्तिक १७ गते सम्पन्न भएको जनाइएको छ।

प्रसारण लाइन निर्माण सम्पन्न भएसँगै रसुवामा निर्माण सम्पन्न भएका र निर्माणमा जाने तयारीमा रहेका जलविद्युत् आयोजनाको बिजुली राष्ट्रिय प्रसारण प्रणालीमा जोड्न सहज भएको छ।

नेपाल विद्युत् प्राधिकरणले रसुवाको थाम्बुचेतदेखि मातातीर्थसम्मको प्रसारण लाइन निर्माण गरेको हो। त्यसमध्ये त्रिशूलीदेखि मातातीर्थसम्मको प्रसारण लाइन यस अघि नै निर्माण सम्पन्न भई सञ्चालनमा आइसकेको छ।

उक्त प्रसारण लाइन रसुवाको आमाछोदिङ्मो गाउँपालिका–५ थाम्बुचेतदेखि पहिरेबेंसीसम्म २८ र




पहिरेबेंसीदेखि राजधानीको मातातीर्थसम्म ४८ किलोमिटर छ। प्राधिकरणको हाइ भोल्टेज ग्रीड विभागका निर्देशक थर्कबहादुर थापाले प्रसारण लाइन निर्माणको काम सम्पन्न भएको र अब परीक्षण प्रसारण थालिने जानकारी दिए।

प्रसारण लाइनको कुल लागत रु तीन अर्ब ६२ करोड बराबर छ। आयोजनाको निर्माण चिनियाँ कम्पनी पिङ्गाओ ग्रुप अफ कम्पनीले गरेको हो। भौगोलिक कठिनाई परेका कारण निर्माण सामग्री ढुवानीमा हेलिकप्टर र तार तान्नका लागि ड्रोनसमेत प्रयोग गर्नुपरेको थियो।

प्रसारण लाइन पूरा भएसँगै १११ मेगावाट रसुवागढी, ४२.५ मेगावाट तल्लो सान्जेन एवं निर्माणाधीन २१६ मेगावाट क्षमताको अपर त्रिशूली वान, त्रिशूली थ्रिबिको ३७.३ मेगावाट बराबरको आयोजनाको बिजुली राष्ट्रिय प्रणालीमा जोडिने छ।

# काबेली करिडोर प्रसारण लाइन पुनः निर्माण सम्पन्न

काठमाडौं, २० कात्तिक/रासस

बाढीपहिरोले क्षति पुगेको काबेली करिडर १३२ केभी डबल सर्किट प्रसारण लाइनको पुनःनिर्माण सम्पन्न भएको छ। गत असोज १२ गते माइखोलाको बाढीले काबेली करिडर प्रसारण लाइन अन्तर्गत इलामको माई नगरपालिका–१ र ७ स्थित धोद्रेबेंसीमा चारवटा टावरमा क्षति पुऱ्याएको थियो।

नेपाल विद्युत् प्राधिकरण र काबेली करिडर प्रसारण लाइनमा विद्युत् जोडिएका निजी क्षेत्रका २० जलविद्युत् आयोजनाले संयुक्तरूपमा पुनःनिर्माण गरी सोमवार दिउँसो ४:३० देखि प्रसारण लाइन सञ्चालनमा ल्याएका हुन्। काम शुरू गरेको १९ दिनमा सम्पन्न गरिएको निजी क्षेत्रका तर्फबाट पुनःनिर्माणमा खटेका ऊर्जा उद्यमी मोहन कार्कीले जानकारी दिए।

प्रसारण लाइन सञ्चालनमा आएसँगै ताप्लेजुङ, पाँचथर र इलामका आयोजनाले विद्युत् उत्पादन शुरू गरेका छन्। प्राधिकरण र निजी क्षेत्रले संयुक्त रूपमा पुनःनिर्माण शुरू गरेका थिए। प्राधिकरणले प्रसारण लाइनका पाटपुर्जा लगायतका सामग्री उपलब्ध गराएको थियो। निजी क्षेत्रका जलविद्युत् आयोजनाले श्रम लागतलगायत खर्च बेहोरेको जनाएका छन्। यसका लागि प्रत्येक आयोजनाले निश्चित रकम योगदान गरेका छन्। निजी क्षेत्रले कार्कीको नेतृत्वमा टोली खटाएको थियो।

काबेली करिडर प्रसारण लाइन अन्तर्गत इलामको गोदकबाट झापाको दमक खण्डको धोद्रेबेंसीमा ५०, ५१, ५२ र ५३ नम्बर टावरलाई बाढीले क्षति पुऱ्याएको थियो। चारवटा टावरमध्ये बाढीले ५१ र ५२ नम्बर टावरलाई पूर्ण रूपमा क्षति पुऱ्याएको थियो। त्यहाँ नयाँ टावर बनाइएको हो। आंशिक क्षति पुगेका ५० र ५३ नम्बरका टावर मरम्मत गरिएको हो।

# विदेशी पर्यटकको सङ्ख्या बढ्न थाल्यो

काठमाडौं, २० कात्तिक/रासस

सन् २०२४ को १० महीनामा नौ लाख ४० हजार सात सय ३२ विदेशी पर्यटक आएका छन्।

नेपाल पर्यटन बोर्डको तथ्याङ्क अनुसार अक्टोबरमा कुल एक लाख २४ हजार तीन सय ९३ विदेशी पर्यटक आए। यो सङ्ख्या अघिल्लो वर्षको सोही अवधिको तुलनामा ६.४ प्रतिशतले बढी हो।

सन् २०२३ को अक्टोबरमा एक लाख १७ हजार तीन सय छ पर्यटक आएका थिए। कोभिड–१९ (कोरोना महामारी) पूर्व अर्थात सन् २०१९ को तुलनामा ९२.९६ प्रतिशतले पर्यटकको सङ्ख्यामा पुनरुत्थान भएको बोर्डले जनाएको छ। सन् २०१९ को अक्टोबरमा एक लाख ३४ हजार ९६ विदेशी पर्यटक आएका थिए।

बोर्डका निर्देशक मणिराज लामिछानेका अनुसार समग्रमा विदेशी पर्यटक आगमन सन्तोषजनक छ। "समग्रमा पर्यटक आगमन सकारात्मक देखिन्छ। अक्टोबरमा आशातीत पर्यटक आउन सकेनन्, किनकि महीनाको शुरूआतमैं अविरल वर्षाले विपद्जन्य घटना भयो। अबको दुई महीनामा पर्यटक बढ्ने अनुमान गर्न सकिन्छ।"

**भारतीय र चिनियाँ घटे**

बोर्डको विश्लेषणमा अगस्त, सेप्टेम्बर र अक्टोबरमा भारतबाट आउने पर्यटक घटेका छन्। पछिल्ला दुई महीनामा चीनबाट आउने पर्यटक पनि घटे। अक्टोबरमा भारतबाट १६ हजार तीन सय १३ पर्यटक आएका छन्। गत सेप्टेम्बरमा भारतबाट २२ हजार नौ सय ८४ पर्यटक आएका थिए। यो करीब १३ प्रतिशत गिरावट हो। अगस्तमा २५ हजार आठ सय ३२ भारतीय पर्यटक आएका थिए। अक्टोबरमा चीनबाट आएका सात हजार सात सय ५० पर्यटकले नेपाल भ्रमण गरेका छन्। सेप्टेम्बरमा आठ हजार ४२ र अगस्तमा चीनबाट छ हजार छ सय १४ चिनियाँ पर्यटक आएका थिए। मनसुनका कारण भारतीय र चिनियाँ पर्यटक घटेको अनुमान गरिएको छ।

**अमेरिकी पर्यटक बढे**

अक्टोबरमा अमेरिकाबाट आउने पर्यटकको सङ्ख्या अघिल्लो महीनाको तुलनामा १२.८८ प्रतिशतले बढेर कुल १६ हजार २३ पुगेको छ। सेप्टेम्बरमा १० हजार ८४ अमेरिकी पर्यटक भित्रिएका थिए। बेलायतबाट आठ हजार १९ पर्यटक नेपाल भित्रिएका छन्। अस्ट्रेलियाबाट छ हजार नौ सय २९, जर्मनीबाट छ हजार १८ र फ्रान्सबाट पाँच हजार चार सय ८५ पर्यटक आएका छन्। बङ्गलादेशबाट चार हजार चार सय ७६, श्रीलङ्काबाट तीन हजार एक सय १२ र इटालीबाट दुई हजार छ सय ३५ पर्यटक आएका छन्।

मार्चमा सबैभन्दा बढी एक लाख २८ हजार एक सय ६७ पर्यटक आएका छन् भने सबैभन्दा कम जुलाईमा ६४ हजार पाँच सय ९९ पर्यटकले नेपाल भ्रमण गरेका छन्। अक्टोबरमा एक लाख २४ हजार तीन सय ९३ अप्रिलमा एक लाख ११ हजार तीन हजार ७६ पर्यटक आए। सेप्टेम्बरमा ९६ हजार तीन सय पाँच, जनवरीमा ७९ हजार एक सय, फेब्रअरीमा ९७ हजार चार सय २६, मेमा ९० हजार दुई सय ११, जुनमा ७६ हजार सात सय ३६ र अगस्टमा ७२ हजार सात सय १९ पर्यटक नेपाल आएका छन्।



पर्साको ग्रामीण भेगमा लागेको महाबिरी झन्डा मेलामा जिलेबी बनाउँदै। तस्वीरः राधेश्याम पटेल



**लुकुम गाउँः** बागलुङसँग सिमाना जोडिएको पूर्वी रूकुमको भूमे गाउँपालिका–१ स्थित लुकुम गाउँ। गुजमुज्ज परेको यो गाउँले मध्यपहाडी लोकमार्गमा यात्रा गर्ने जोकोहीलाई आकर्षित गर्दछ। तस्बिर : डम्मर बुढामगर/रासस

# रास्वपा सभापति रवि लामिछानेलाई थप १० दिन हिरासतमा राख्न अदालतको अनुमति

कास्की, २० कात्तिक/रासस

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछानेलाई थप १० दिन हिरासतमा राखेर अनुसन्धानका लागि कास्की जिल्ला अदालतले आज अनुमति दिएको छ।

सहकारी ठगी अभियोगमा यही कात्तिक २ गते पक्राउ परेका लामिछानेलाई कात्तिक १५ गतेदेखि लागू हुनेगरी तेस्रोपटक १० दिनको म्याद थप गरिएको जिल्ला अदालतका सूचना अधिकारी सुरज अधिकारीले जानकारी दिए।



यस अघि गत कात्तिक १४ गतेसम्मको म्याद रहेकोमा तिहार बिदाका कारण अदालत बन्द भएकोले तिहारको बिदापछि लामिछानेलाई आज अदालतमा पेश गरिएको थियो।

जिल्ला अदालतका न्यायाधीश चन्द्रकान्त पौडेलको इजलासले हिरासतमा राखेर थप अनुसन्धान गर्न अनुमति दिएको सूचना अधिकारी अधिकारीले बताए। सभापति लामिछानेलाई कात्तिक ४ गते पहिलोपटक अदालत उपस्थित गराइएको थियो।

# नेप्से परिसूचकमा झिनो गिरावट

काठमाडौं, २० कात्तिक/रासस

दीपावलीको सार्वजनिक बिदापछि आज खुलेको धितोपत्र बजारमा शेयर कारोवार मापक नेप्से परिसूचक झिनो अङ्कले घटेको छ।

नेपाल स्टक एक्सचेञ्जका अनुसार नेप्से परिसूचक शून्य दशमलव २१ अङ्कले ओरालो लागेर दुई हजार छ सय ७७ दशमलव ४० मा सीमित भएको छ।

ठूला कम्पनीको कारोवार मापन गर्ने सेन्सेटिभ परिसूचक शून्य दशमलव ८२ अङ्कले ओरालो लागेर चार सय ७७ दशमलव ९९ मा सीमित भएको छ। कारोवार भएका १३ उपसमूहमध्ये सात उपसमूहको शेयर मूल्य उकालो लाग्दा छ उपसमूहको भने ओरालो लागेको छ। कूल ९७ लाख १३ हजार सात सय ३० कित्ता शेयर रू चार अर्ब २० करोड ५५ लाख पाँच हजार दुई सय ३७ मा कारोवार भएको छ।

नेप्सेका अनुसार, सुपर माई हाइड्रोपावरको शेयरमूल्यमा १० प्रतिशतले वृद्धि भई सकारात्मक सर्किट लागेको छ। समाज लघुवित्त नौ दशमलव ९५, युनाइटेड मोदी हाइड्रोपावर नौ दशमलव ५१, गुराँस लघुवित्त नौ दशमलव ३२ र रसुवागढी हाइड्रोपावरका लगानीकर्ताले आठ दशमलव ७५ प्रतिशतले कमाएका छन्।

त्यसैगरी, मिड सोलु हाइड्रोपावर १०, अप्पर स्याङ्गे हाइड्रोपावर आठ दशमलव ९४, सामलिङ पावर कम्पनी छ दशमलव ४९, एक्सेल डेभलपमेन्ट बैंक पाँच दशमलव ९७ र एनआइसी एसिया फ्लेक्सी फन्डका लगानीकर्ताले पाँच दशमलव ९१ प्रतिशतले गुमाएका छन्।

# महोत्तरीका किसान उखु पेलेर सख्खर बनाउन व्यस्त

महोत्तरी, २० कात्तिक/रासस

यहाँका किसान उखु पेलेर सख्खर बनाउने काममा व्यस्त छन्। जिल्लाका चिनी उद्योगमा उखु क्रसिङको अत्तोपत्तो नभएपछि किसानले धमाधम उखु पेल्न थालेका हुन्। चिनी उद्योगले कहिले क्रसिङ शुरू गर्ने भन्ने तालिका नै नबन्दा अहिले घरखर्च र चाडपर्वका लागि खर्चको जोहो गर्न उखु पेल्न थालिएको किसानको भनाइ छ। अहिले जिल्लाका उखु मुख्य बाली लगाइने गौशाला, भङ्गाहा र बर्दिवास नगरक्षेत्रका बस्तीबस्तीमा घरघरै उखु पेल्ने र रस पकाएर सख्खर बनाउने व्यस्तता देखिएको छ।

"कात्तिक हामी किसानलाई खर्चवर्चको निकै अभाव हुने बेला हो, यसैबेला दीपावली र छठजस्ता महत्त्वपूर्ण पर्व पर्छन्"–भङ्गाहा–४ का किसान रामउद्गार महतो भन्छन्–"त्यसैले आफ्नै उखु पेलेर खर्चवर्चको जोहो गर्दैछौं।" कात्तिकलाई यहाँका किसान 'तेह्रौं मास' (तेह्रौं महीना) भन्ने गर्छन्। आम्दानीका क्षेत्र खासै नहुने र खर्च अन्य महीनाभन्दा बढ्ने हुँदा यसलाई प्रतीकात्मकरूपमा तेह्रौं महीना भन्ने गरिएको किसान बताउँछन्।

अहिले दीपावली अघि देखि उखु पेल्न थालेका किसानले छठसम्मै यस कामलाई निरन्तरता दिने गरेका छन्। दीपावली र छठ दुवैमा सख्खरको माग निकै हुने र यस बेलाको नयाँ सख्खरले राम्रो बजार भाउ पाउने गरेको बर्दिवास–७ प्रेमनगरका रामदेव महतो बताउँछन्। दीपावली र छठपर्वमा उपभोक्ताले नयाँ सख्खर मन पराउँछन्।

अहिले सख्खर बजारमा रु १२० प्रतिकिलो बिक्ने गरेको छ। यो चिनीको भन्दा चलनचल्तीको बजार भाउमा रु ३० प्रतिकिलो बढी हो। तर दीपावलीका सेल र छठका ठेकुवा चिनीभन्दा सख्खरमा राम्रो हुने हुँदा अलिकता महँगो भए पनि उपभोक्ताको रोजाइमा सख्खर पर्ने गरेको हो। यसबाहेक सामाजिक सञ्जालमा लगातार विभिन्न रोगबाट बच्न चिनीको प्रयोग कम गर्न र त्यसको सट्टा गुलियोका लागि सख्खर प्रयोग गर्न सन्देश प्रवाह भइरहनुले पनि सख्खरको बजार बढाउन सहयोग पुऱ्याएको बर्दिवास–१ का सामाजिक कार्यकर्ता भोजप्रसाद (शङ्कर) फुँयाल बताउँछन्।

जिल्लामा अहिले सात हजार बिघामा उखुखेती छ। जसमध्ये चार हजार बिघाको खुट्टी उखु (एकपटक रोपिएको उखुको दुई वर्षको बाली लिइन्छ, पहिलो वर्षको लाई 'मुडन' र दोस्रो वर्षको लाई 'खुट्टी' भनिन्छ) छ। अहिले किसानले दोस्रो वर्षको उखु पेलेर सख्खर बनाउँदै गरेका हुन्। मुडनमा पुस नलागी राम्ररी रस नपस्ने र खुट्टीचाहिं कात्तिकमैं तयार हुने हुँदा किसान अहिले खुट्टी पेल्न थालेका उखु उत्पादक कृषक सङ्घ महोत्तरीका अध्यक्ष नरेशसिंह कुशवाहाले बताए।

मधेसका रौतहटसहितका केही जिल्लाका चिनी उद्योगले क्रसिङ शुरू गरे पनि महोत्तरीमा थालिएको छैन। प्रत्येक वर्षजसो हिउँद लागेपछि उखुको मूल्य निर्धारणसम्बन्धी टुङ्गो समयमा नलाग्दा किसान समस्यामा पर्ने गरेका छन्।

कात्तिक मसान्तभित्रै सरकारले उद्योग र उखु उत्पादक किसानबीचको सहमतिबाट मूल्य निर्धारण गरिदिनुपर्ने माग सुनवाइ नभएको अध्यक्ष कुशवाहाले गुनासो गरे।

# दुई हजार आठ सयले घट्यो सुन

काठमाडौं, २० कात्तिक/रासस

स्थानीय बजारमा आज सुनको मूल्य प्रतितोला रु दुई हजार आठ सयले घटेको छ। नेपाल सुनचाँदी व्यवसायी महासङ्घले आजका लागि छापावाला सुन प्रतितोला रु एक लाख ६८ हजार दुई सय तोकेको छ।

यस अघि यही कात्तिक १५ गते छापावाला सुन प्रतितोला रु एक लाख ७१ हजारमा खरीदबिक्री भएको थियो। यस्तै चाँदीको मूल्य प्रतितोला रु २१ घटेको छ। महासङ्घले एक तोला चाँदीको मूल्य रु २,०३० तोकेको छ। यस अघि चाँदी प्रतितोला रु २,०९० मा कारोबार भएको थियो।

# कडा प्रतिस्पर्धाबीच अमेरिकी राष्ट्रपतिको निर्वाचन

मधुकर अधिकारी/रासस
वाशिंगटन डिसी (अमेरिका), २० कात्तिक/

विश्वभर निकै प्रतीक्षा गरिएको अमेरिकाको राष्ट्रपतीय निर्वाचनको मतदात आज हुन गइरहेको छ। अमेरिकी जनताले मतदान गर्न अब केही घण्टा मात्र बाँकी छ।


तस्वीरः एजेन्सी

सो निर्वाचनका लागि डेमोक्रेटिक पार्टीका तर्फबाट वर्तमान उपराष्ट्रपति कमला ह्यारिस र रिपब्लिकन पार्टीबाट पूर्वराष्ट्रपति डोनाल्ड ट्रम्प मैदानमा छन्।

निर्वाचनको मिति आउन एक दिन बाँकी रहँदा ह्यारिस र ट्रम्प दुवैको संयन्त्र ब्याटल ग्राउन्ड स्टेट (मतदान गर्न अनिर्णित मतदाता भएको राज्य) को नामकरण गरिएका स्थानमा केन्द्रित रहेको थियो।

मतदाताहरूको प्रत्यक्ष मतदान र 'इलोक्ट्रोल कलेज'को सम्मिश्रणका आधारमा हुने अमेरिकाको राष्ट्रपतीय निर्वाचन योपटक निकै प्रतिस्पर्धात्मक हुने अनुमान गरिएको छ।

नागरिकले मतदानमार्फत प्रत्यक्ष कार्यकारी अधिकारसहितको विश्वको शक्तिशाली राष्ट्र अमेरिकाको राष्ट्रपतिको निर्वाचनमार्फत हुने सत्ता परिवर्तनले विश्वलाई प्रत्यक्ष–अप्रत्यक्ष प्रभाव पार्ने कतिपयको धारणा छ। आफ्नो पक्षका उम्मेदवारलाई विजयी गराउन दुवै पार्टीले आफ्ना सबै संयन्त्र परिचालन गरेका छन्।

यस पटकको निर्वाचनमा पनि विगतका निर्वाचनजस्तै आप्रवासन, बन्दूकको अधिकार, महिलाको अधिकार, आर्थिक विषय र विश्वभर देखा परिरहेको अशान्त वातावरणलाई केन्द्रमा राखेर डेमोक्रेट र रिपब्लिकन पार्टीले एजेन्डा तय गरेका छन्। कोभिड महामारीपश्चात् अर्थतन्त्र केही चलायमान बन्ने प्रयत्न गरेको भए पनि मूल्यवृद्धिले यहाँको हरेक तहलाई असर पारेको छ। खाद्यवस्तु, इन्धनका साथै सबै खालका वस्तु तथा सेवामा परेको असरले मध्यमस्तरको आय हुनेहरूका लागि कठिन आर्थिक अवस्था सिर्जना भएकोले यो निर्वाचनलाई महत्त्वका साथ हेरिएको छ।

तुलनात्मकरूपमा आप्रवासीहरूप्रति नरम नीति अङ्गीकार गर्ने डेमोक्रेट पार्टीले महिलालाई सर्वोच्च कार्यकारी अधिकार प्रदान गर्नेगरी कमला ह्यारिसलाई मैदानमा उतारेको छ। उता अनेकन मुद्दा खेपिरहेका पूर्वराष्ट्रपति डोनाल्ड ट्रम्प दोस्रो कार्यकालमा सत्ता आरोहणका लागि कडा मेहनत गरिरहेका छन्।

**स्वीङ्ग राज्यहरू निर्णायक**

अमेरिकाका कुल ५० राज्यमध्ये मुख्य सात एरिजोना, जर्जिया, मिचिगन, नाभडा, नर्थ क्यारालिना, पेन्सलभेनिया र विसकिन्सनलाई स्वीङ्ग (मतदाताले अन्तिम समयमा निर्णय गर्ने) राज्यका रूपमा परिभाषित गरिएको छ। यीमध्ये सबैभन्दा बढी ध्यान पेन्सलभेनियामा रहेको छ। यी राज्यहरूको विगतको निर्वाचनको नतीजा हेर्दा सन् २०१६ मा डोनाल्ड ट्रम्प पाँचवटा स्वीङ्ग राज्यमा जीत हासिल गरी निर्वाचित भएका थिए। उता सन् २०२० मा जो बाइडेन छवटा राज्यमा जीत हासिल गरी राष्ट्रपति निर्वाचित भएका थिए।

पेन्सलभेनिया कति महत्त्वपूर्ण छ भन्ने विषय उक्त राज्यमा रिपब्लिकन र डेमोक्रेट पार्टीले सबै प्रकारका चुनावी अभियानमा सबै प्रकारका सञ्चारमध्यमहरूमा खर्च गरेको एक अर्ब २० करोड डलरको विज्ञापनले पनि पुष्टि गर्छ। सन् २०२४ को चुनावमा अमेरिकाभर कुल १० अर्ब ५३ करोड विज्ञापनमा खर्च गरिएकोमा त्यसमध्ये ११ प्रतिशत एउटै राज्यमा खर्च गरिएको थियो।

कुल ९१ लाख मतदाता रहेको पेन्सलभेनियामा अर्लि भोटिङमार्फत १६ लाख २० हजारले मतदान गरिसकेका छन्। उक्त राज्यमा निर्वाचनको दिन अर्थात् आज बिहान ७ बजेदेखि मतदान शुरू हुनेछ।

**नेपालीहरूको मत निर्णायक हुन सक्छ ?**

रणक्षेत्र अर्थात् मुख्य प्रतिस्पर्धा हुने राज्यका रूपमा रहेको पेन्सलभेनियाको निर्वाचन निर्णायक हुने भनेर सारोकार भएका संयन्त्रको ध्यान केन्द्रित हुनुका साथै निर्वाचन समितिको परिचालन भइरहेको छ। सो राज्यमा करीब २५ हजार नेपाली भाषीको मतदान गर्ने अधिकार रहेकोले उनीहरू निर्णायक हुन सक्ने बताइएको छ।

नेपाली मतदाताहरूलाई निर्वाचनसम्बन्धी जनचेतनाका लागि पेन्सलभेनियाको ह्यारिसवर्ग आइपुगेका अमेरिकी राजनीतिज्ञ डा ह्यारी भण्डारीले यो स्थान निर्वाचनलाई निर्यायक बनाउन सक्ने भएकोले निकै महत्त्वपूर्ण रहेको बताए। शनिवार मात्रै आफ्नो अगुवाइमा मेरिल्यान्डबाट ५१ जना स्वयंसेवक परिचालन गरी भोट माग्न जुटेका भण्डारीले हरेक मतको मूल्य हुने बताए।

भण्डारी भन्छन्–"हामीहरूले यहाँ बसेर जसरी यहाँको राजनीतिमा योगदान दिइरहेका छौं, यो भावी पींढीका लागि झन् बढी प्रेरक बन्नेछ। एक आप्रवासीका रूपमा जसरी दोस्रो पुस्तामा कमला ह्यारिसले एउटा गर्विलो इतिहास कोर्ने जर्मको गरिरहेकी छन्, यसले धेरै आप्रवासीलाई प्रेरणा दिने विश्वास लिएका छौं।"

"राजनीति भनेको पद र प्रतिष्ठामात्र होइन, यसले मानिसको जीवनमा आइपर्ने अनेकन समस्यासँग जुझ्न एउटा अभिभावकका रूपमा, व्यवसाय गर्नेहरूका लागि रोजगारको अवसर सिर्जना गर्ने वातावरण बनाउन र धेरै नीतिगत परिवर्तनमार्फत आन्तरिक र बाह्यरूपमा एक सशक्त उपस्थिति जनाउने काम गर्छ। त्यसैले यस्तो विषय सम्बोधन गर्नसक्ने सशक्त उम्मेदवार डेमोक्रेट पार्टीकी ह्यारिस हुन सक्नुहुन्छ भन्ने मेरो विश्वास छ"–भण्डारी भन्छन्।

पेन्सलभेनियालाई मुख्य मतदान केन्द्रका रूपमा मानिएको छ। यो रणक्षेत्र स्टेट हो र यसमा सन् २०१६ र २०२० को मतदानको विश्लेषण गर्दा झिनो अन्तरले विजयी भएको देखिन्छ। त्यसैले नेपाली अमेरिकनहरूको मतले एउटा निर्णायक भूमिका निर्वाह गर्न सक्ने उनी धारणा व्यक्त गर्छन्।

स्थानीयरूपमा राजनीतिमा सहभागी अभिषेक थापा भन्छन्–"राजनीतिक विश्लेषण गर्दा यसपटक निकै प्रतिस्पर्धा हुने देखिएको छ। यही प्रतिस्पर्धामा हामी नेपालीहरूको मत महत्त्वपूर्ण मानिने विश्वास लिएका छौं। हामीहरूले पेन्सलभेनियामा रहेका नेपाली भाषीहरूलाई भोट हाल्न प्रेरित गर्न सम्भव भएसम्म हरेक नेपालीको घर पुगेका छौं। एउटा क्षेत्रमा मात्रै करीब चार हजार पाँच सय नेपाली मतदाता छन्। ती ठाउँमा मतदान गर्न प्रेरित गरिरहेका छौं।"

पेन्सलभेनियामा सामाजिक तथा राजनीतिक काममा सक्रिय रहँदै आएकी विनिता पुरीले मतदान प्रक्रिया र राजनीतिमा सक्रिय सहभागिता जनाउन नेपाली भाषी समुदायबीच विभिन्न कार्यक्रम गर्दै आएको बताछिन्। उनी भन्छिन्–"हामीहरूले मतदातालाई सचेत बनाउन अभियान सञ्चालन गर्दै आएका छौं, यसैले यसपटकको मतदानमा धेरैभन्दा धेरैले मतदान गर्नुहुनेछ भन्ने विश्वास लिएकी छु।"

पेन्सलभेनियामैं बस्दै आएका जीवन दाहाल आफैं पनि डेमोक्रेटिक पार्टीमा विश्वास गर्ने भएकाले ह्यारिसलाई विजयी गराउन आह्वान गर्छन्। यसैगरी प्रकाश ढुङ्गाना भन्छन्–"नागरिकका रूपमा हामीहरूले मतदानमा भाग लिनु र आफूले मन पराएको उम्मेदवारलाई विजयी गराउनुपर्छ। हामी अमेरिकामा आप्रवासीका रूपमा आएका छौं। यसलाई संवैधानिक अधिकारका रूपमा उपयोग गर्दै राजनीतिक मार्गचित्र तयार गर्नुपर्छ जसले गर्दा भावी पींढीलाई राजनीतिमा लाग्न प्रेरणा प्रदान गरोस्।"

**नेपालीहरू पनि दुवै पक्षधर**

आप्रवासीहरूप्रति नरम नीति लिने डेमोक्रेट पार्टीका पक्षमा धेरै नेपाली देखिए पनि रिपब्लिकन अर्थात् ट्रम्प समर्थक पनि भेटिन्छन्। नेपाली अमेरिकनहरूले भने आफ्नो सामाजिक सञ्जालमा प्रशस्त टिप्पणी र पोस्ट राखेका छन्।

**रणक्षेत्र स्टेटको विश्लेषण**

अमेरिकाको राजनीतिलाई अत्यधिक प्रभाव पार्ने राज्यका रूपमा अहिले पेन्सलभेनिया रहेको छ। उक्त राज्यमा ६७ वटा क्षेत्र (काउन्टी)मध्ये केही काउन्टीका मतदाता दुवै पक्षमा रहेका पाइएको छ। समर्थकहरूले मतदानमा निर्णय भूमिका निर्वाह गर्ने चुनावी अभियानमा सहभागी स्वयंसेवकहरूको भनाइ छ।

**चुनावी र्‍यालीको अन्तिम**

अमेरिकाको राष्ट्रपतीय निर्वाचनमा चुनावी र्‍यालीको अन्तिम तयारीस्वरूप स्थानीय समय अनुसार सोमवार अपराह्न पेन्सलभेनियाको फिलाडेल्फिया म्युजियम अफ आर्ट अगाडि आयोजना हुने र्‍यालीलाई उपराष्ट्रपति ह्यारिसले सम्बोधन गरेकी छन् भने रिपब्लिकन उम्मेदवार ट्रम्पले पनि सोमवार साँझ आफ्ना समर्थकहरूलाई सम्बोधन गरेका छन्।

अमेरिकाको यसपटकको निर्वाचनले २४८ वर्षको इतिहासमा महिला राष्ट्रपतिको इतिहास निर्माण गर्नेछ वा पूर्वराष्ट्रपति ट्रम्पको दोस्रोपटक ह्वाइट हाउसको यात्रालाई निरन्तरता दिनेछ भन्ने विषयको निर्क्योल आज हुने निर्वाचनले गर्नेछ।

कुल २३ करोड १० लाख मतदानका लागि योग्य भए पनि १६ करोड ८० लाखले मात्र मतदानका लागि दर्ता (रजिस्टर्ड) गरेको तथ्याङ्क छ। यसैगरी कुल इलेक्ट्रोल कलेजको ५३८ मध्ये २७० भोट ल्याउनेले निर्वाचनमा जीत हासिल गर्नेछ।



वीरगंजको मीनाबजारमा छठपूजा सामग्री बेच्दै । तस्वीरः नितेश कर्ण

## फरक समाचार

### प्याज फोडेर किन खाइन्छ ?

प्याज विगत ५००० वर्षदेखि विश्वभरि उब्जाउने र खाने गरिएको छ। प्याज काट्दा त्यसमा पाइने पदार्थले कुनै पनि खाद्य वस्तुको तुलनामा छिटो रासायनिक प्रतिक्रिया गर्छ, प्याजमा सल्फरको मात्रा बढी हुन्छ, त्यसैले रासायनिक प्रक्रियाको अन्तिम उत्पादन सल्फ्यूरिक एसिड ($H_2SO_4$) हो। यो अम्ल एक्वा रेजियापछि पाइने सबैभन्दा शक्तिशाली अम्ल हो जुन सुन र प्लेटिनमबाहेक कुनै पनि धातुसँग प्रतिक्रिया गरेर त्यसलाई नष्ट गर्न सक्छ।



अर्को कुरा, प्याजको प्रत्येक तहको माथि र तल्लो भागमा झिल्ली हुन्छ जुन अपाच्य हुन्छ। यो झिल्ली प्याजलाई फुटालेर मात्र छुट्याउन सकिन्छ, काट्दा सँगै काटिन्छ। त्यसैले कुनै पनि धातुले प्याज काट्नु उचित होइन। आधुनिक देखिनका लागि हामी यसलाई काटेर खान्छौं। तर यस्तो गर्नुहुँदैन। प्याजलाई फोडेरै खानुपर्छ। भारतको हिमाचल प्रदेशका बूढापाकाहरू जहिले पनि प्याज फोडेर मात्र खाने गर्छन्।

सल्फरयुक्त पदार्थ प्याजको माथिल्लो गाँठमा प्रचुर मात्रामा हुन्छ र बीचमा नगण्य हुन्छ। नेदरल्यान्डूसको वागेनिङ्गेन युनिभर्सिटीको अनुसन्धान अनुसार प्याजमा पाइने क्वेर्सेटिन एकदमै प्रभावकारी एन्टिअक्सिडेन्ट हो जसले जवानीलाई कायम राख्छ र भिटामिन ईको मुख्य स्रोत हो। यो तत्त्व चिया र स्याउमा पनि पाइने भए पनि प्याजको गाँठोमा पाइने तत्त्व चियामा पाइने पदार्थभन्दा दोब्बर र स्याउमा पाइने पदार्थको तुलनामा तीन गुणा छिटो पच्छ। सय ग्राम प्याजमा यो २२.४० देखि ५१.८२ मिलीग्रामसम्म हुन्छ।

स्वीजरल्यान्डको बर्न विश्वविद्यालयले मुसालाई दिनमा एक ग्राम प्याज खुवाउँदा उनीहरूको हाड १७ प्रतिशत बलियो भयो। प्याजको बीचको भागले पेटको अल्सर र मुटुका सबै प्रकारका रोग निको पार्छ। प्याज र यसको बीचमा पाइने तत्त्वको वर्णन गर्न एउटा किताब नै लेख्नुपर्ने हुन्छ।

त्यसैले प्याज काटेर सलाद बनाएर खानुहुँदैन। यसलाई मुक्का हानेर वा कुनै वस्तुले फोडेर खानुहोस्, यसले तपाईंलाई धेरै स्वास्थ्य लाभ दिन्छ र आँसु पनि झार्दैन। भारतको हिमाचल प्रदेशका बूढापाकाहरू प्याज फुटाएर मात्रै खान्छन् वा सीधै खेतबाट हरियो पात भएको प्याज किनेर नछोडाइकन सीधै खान्छन्, जसरी हामी स्याउ र अम्बा खान्छौं।

### सर्पदशंको घरेलु उपचार

सबैभन्दा पहिले सर्पबारे एउटा महत्वपूर्ण कुरा जान्नुपर्छ र भारतमा ५५० प्रकारका सर्प छन्, कोब्रा, करेतलगायत ५५० प्रजातिका सर्पहरू छन्। तीमध्ये विषालु सर्प मात्रै १० वटा छन्। अरू सबै गैरविषाक्त छन्। यसको मतलब ५४० प्रजातिका सर्पहरू छन् जसको डसाइले तपाईंलाई हानि गर्दैन। ओहो सर्पले डस्यो भनेर आत्तिने मानिसहरू कैयौं पटक हृदयघातबाट मरेका छन्। त्यसैले मनमा सर्पप्रति धेरै डर हुन्छ। तर सर्पले टोकेपछि तुरुन्तै यी सावधानी गरेमा बिरामीको ज्यान बचाउन सकिन्छ।



सबैभन्दा विषालु सर्प रसेल भाइपर हो त्यसपछि करेत, भाइपर र कोब्रा, किंग कोब्रा जसलाई कालो सर्प पनि भनिन्छ। यी चारवटा निकै खतरनाक र विषालु हुन्छन्, यिनीहरूमध्ये कसैले पनि तपाईंलाई टोक्छ भने मृत्यु हुने सम्भावना ९९ प्रतिशत हुन्छ। तर अलिकति बुद्धि प्रयोग गर्‍यो भने रोगीलाई बचाउन सक्नुहुन्छ।

जब सर्पले टोक्छ, त्यसका दुईवटा दाँत हुन्छन् जसमा विष हुन्छ, जुन शरीरको मासु भित्र पस्छ र रगतमा विष छोड्छ। यो विष हाम्रो शरीरको माथितिर जान्छ। अर्थात् सर्पले तपाईंको हातमा टोक्यो भने विष मुटुमा पुगेर पूरै शरीरमा फैलिन्छ। सर्पको विष पूरै शरीरको रगत पुग्न तीन घण्टा लाग्छ।

यसको मतलब कम्तिमा तीन घण्टा बिरामीको मृत्यु हुँदैन। जब विष मस्तिष्कको हरेक भाग र अन्य सबै ठाउँमा पुग्छ तब मात्र उसको मृत्यु हुन्छ, अन्यथा हुँदैन। त्यसैले बिरामीलाई बचाउनको लागि तीन घण्टा समय छ र यी तीन घण्टामा केही गर्न सक्यौ भने धेरै राम्रो हुन्छ।

घरमा कुनै पुरानो इन्जेक्शन छ भने लिनुहोस् र सुई जोडिएको ठाउँलाई काट्नुहोस्। अब यो होलीको पिचकारीजस्तै हुन्छ। त्यसपछि बिरामीको शरीरमा सर्पले टोकेको निशान पत्ता लगाउनुहोस्। सर्पले टोकेको ठाउँ सुन्निएको हुन्छ र हलुका रगत बगेको दुईवटा दाग हुन्छ। इन्जेक्शनलाई सर्पले टोकेको दुई चिह्नमध्ये एउटामा राख्नुहोस् र इन्जेक्शन तान्नुहोस्। यस भ्याकुमबाट रगत तान्नुहोस्। रगत गाढा कालो वा हलुका कालो छ भने त्यसमा विष छ।

सर्पको टोकाइमा विषको मात्रा ०.५ मिलीग्रामको हाराहारीमा हुन्छ। किनभने सर्पको दाँतमा यसभन्दा बढी विष रहन सक्दैन। दुई तीनपटक इन्जेक्शनबाट यसरी रगत निकाल्नुभयो भने सर्पको विष निस्किन्छ। रोगीमा केही परिवर्तन भइरहेको छ वा चेतना आउँछ भने काम गरिरहेको छ। त्यसैगरी इन्जेक्शनको पुनः माथिल्लो भागलाई थोरै काट्नुहोस्। अब इन्जेक्शनको पाइप थोरै ठूलो हुन्छ। यसबाट दोस्रो सर्पदंशको घाउमा राखेर विष तान्नुहोस्। यसरी रोगीलाई घरमैं प्राथमिक उपचार दिन सक्नुहुन्छ।

घरमा सदैव एउटा होमियोपैथी औषधि नाजा राख्नुपर्छ। यसको पोटेन्सी २०० हुन्छ। तपाईं कुनै होमियोपैथीको पसलमा गएर नाजा २०० दिनुस् भन्नुभयो भने पाइन्छ। यसको मूल्य निकै कम हुन्छ। नाजा औषधि संसारको सबैभन्दा खतरनाक सर्पको क्रयाकको विष हो। यो सर्पको विषलाई संसारमा सबैभन्दा खराब मानिन्छ। भनिन्छ यदि यसले कसैलाई टोक्यो भने भगवानले मात्र त्यस व्यक्तिलाई बचाउन सक्छन्। यस सर्पदंशमा औषधिले काम गर्दैन।

भनिन्छ, फलामलाई फलामले नै काट्छ त्यसैगरी सर्पको विषलाई पनि सर्पको विषले नै मार्छ। नाजा औषधिको एक थोपा बिरामीको जिब्रोमा राख्ने र १० मिनेटपछि पुनः एक थोपा, त्यसको १० मिनेटपछि पुनः एक थोपा जिब्रोमा राख्नुपर्छ। सर्पदंशको इन्जेक्शन निकै महँगो हुन्छ तर होमियोपैथी औषधि नाजा २०० निकै सस्तो हुन्छ। यसरी घरमैं सर्पदशंको उपचार गर्न सकिन्छ।

– प्रतीक डेस्क (एजेन्सीको सहयोगमा)

## अन्तर्राष्ट्रिय समाचार

# लेबनानमा मानवीय अवस्था बिग्रँदै गएको राष्ट्रसङ्घको चेतावनी



लेबनानमा इजराइली आक्रमणबाट मृत्यु भएका व्यक्तिको शव बोक्दै राहतकर्मी । फोटो : एएफपी

न्युयोर्क, २० कात्तिक/क्युएनए

मानवीय मामिला समन्वयका लागि राष्ट्र सङ्घीय कार्यालय (ओसिएचए) ले लेबनानको मानवीय अवस्था बढ्दो वैमनस्यताबीच बिग्रँदै गएको जनाएको छ ।

यस क्षेत्रको स्वास्थ्य सेवाले निरन्तर आक्रमणको सामना गरिरहेको र कर्मचारी तथा स्रोत अभावले लेबनानको नाजुक स्वास्थ्य पूर्वाधारमा थप तनाव आइरहेको संयुक्त राष्ट्रका प्रवक्ता स्टेफन डुजारिकले बताएका छन् ।

उनले दक्षिणी लेबनानको बिन्ट जेबिल जिल्लाको टेबिन सरकारी अस्पताल नजीकै इजरायली हवाई आक्रमणले अस्पतालमा क्षति पुऱ्याउँदा, दर्जनौं मानिस घाइते हुनुका साथै अस्पतालमा क्षति पुगेको जनाएका छन् ।

सन् २०२३ अक्टोबरदेखि लेबनानमा भएका स्वास्थ्य केन्द्र लक्षित ६० वटा आक्रमणमा ११० जना स्वास्थ्य सेवाकर्मीको मृत्यु भएको विश्व स्वास्थ्य सङ्गठनले जनाएको छ ।

उनले लेबनानमा संयुक्त राष्ट्रसङ्घका सैन्यलगायत सुविधाहरू अझै पनि आक्रमणबाट प्रभावित रहेको पुष्टि गर्दै राष्ट्रसङ्घको शान्ति सेनाहरूको रक्षा गर्न सबै पक्षहरूलाई आह्वान गरेका छन् ।

सन् २०२३ अक्टोबरदेखि लेबनान इजरायली आक्रमणको शिकार भएको छ, तर सेप्टेम्बर २०२४ को अन्त्यदेखि, इजरायलले आक्रमणको गति बढाउँदा हजारौं लेबनानीले मृत्युवरण गरेको स्रोतले जनाएको छ । रासस

# इजरायलद्वारा सिरियास्थित हिजबुल्लाह गुप्तचर मुख्यालय लक्षित आक्रमण

इजरायल, २० कात्तिक/ एएनआई

इजरायली सेना (आइडिएफ)ले सोमवार सिरियामा रहेको हिजबुल्लाहको गुप्तचर मुख्यालयलाई निशाना बनाएर आक्रमण गरेको छ ।

सामाजिक सञ्जाल एक्समा एउटा पोस्ट साझा गर्दै आइडिएफले भन्यो– "आइडिएफल सिरियामा हिजबुल्लाहको गुप्तचर मुख्यालयसँग सम्बन्धित आतङ्कारी लक्ष्यहरूमा हवाई आक्रमण गरेको थियो ।"

यस अघि, इजरायली सेना इरानी एजेन्टहरूसँग काम गरिरहेका आतङ्कारी कार्यकर्तालाई पक्राउ गर्न सिरियामा प्रवेश गरेको आइडिएफले आइतवार साँझ खुलासा गरेको थियो ।

एलिट एगोज कमान्डो युनिटका सैनिकहरूले दक्षिणी शहर सैदामा बस्ने सिरियाली नागरिक अली सुलेमान अल–आदीलाई पक्राउ गरेका छन् । आइडिएफका अनुसार अल–आदीले भविष्यको आतङ्कवादी गतिविधिका लागि सीमामा रहेर इजरायली सेनाबारे खुफिया जानकारी सङ्कलन गरेका थिए । आइडिएफले अल–आदवास निगरानीमा रहेको र अहिले सोधपूछका लागि इजरायलमा रहेको बताएको छ ।

आइडिएफले अल–आदीको फुटेज पनि जारी गरेको छ, जसमा उनले सोधपूछकर्ताहरूलाई आफूलाई इरानले कसरी भर्ती गरेको थियो भनेर बताएका छन् ।

हालैका दिनमा अक्टोबर २६ मा इजरायली वायुसेनाले सैन्य आधार र हवाई रक्षा प्रणालीहरूमा आक्रमण गरेपछि इरानी अधिकारीहरूले आक्रमणबारेमा आफ्नो बयानबाजी बढाएका छन् । रासस

# देशले विकास लक्ष्य हासिल गर्नेमा पूर्ण विश्वस्त छन् चिनियाँ प्रधानमन्त्री

साङ्घाई, २० कात्तिक/ एएफपी

चिनियाँ प्रधानमन्त्री ली किआङले चीन यस वर्ष आर्थिक लक्ष्यहरू प्राप्त गर्ने कुरामा आफू 'पूर्णरूपमा विश्वस्त' भएको मङ्गलवार बताएका छन् ।

बेइजिङले सन् २०२४ का लागि करीब पाँच प्रतिशतको वृद्धि लक्ष्य राखेको छ । तर महामारीको कारण तेस्रो त्रैमासिकमा सबैभन्दा कम वृद्धि हासिल गरेको छ ।

सरकारले आर्थिक गतिविधि बढाउने उद्देश्यले दर कटौती, खरीद–बिक्री प्रतिबन्धलगायत उपाय घोषणा गरेको छ, तर विश्लेषकहरूले हालसम्म अभावको आलोचना गरिरहेका छन् ।

पर्यवेक्षकहरूले बेइजिङमा चीनको संसद्को शीर्ष निकाय नेशनल पिपुल्स कङ्ग्रेस (एनपिसी) को स्थायी समितिको आसन्न बैठकबाट प्रोत्साहनका लागि विशेष तथ्याङ्क आउन सक्ने आशा गरेका छन् ।

साङ्घाईमा एक प्रमुख अन्तर्राष्ट्रिय व्यापार प्रदर्शनीको उद्घाटन समारोहमा मङ्गलवार बोल्दै लीले यस वर्षको लक्ष्य र भविष्यमा चीनको अर्थतन्त्रको विकासमा पूर्णरूपमा विश्वस्त रहेको बताएका हुन् ।

आर्थिक दबाबको सामना गर्नुपर्दा आर्थिक समायोजनहरू बढाउने आवश्यकताबीच वित्तीय तथा मौद्रिक नीतिहरूका लागि अपेक्षाकृत र नीतिगत उपकरणहरू प्रचुर मात्रामा रहेको उनको भनाइ छ ।

मङ्गलवार प्रकाशित सूचकाङ्क अनुसार अक्टोबरमा चीनको सेवा क्षेत्रमा पनि गति बढेको छ ।

यस एन्ड पी ग्लोबल र चिनियाँ व्यापार मिडियाद्वारा गणना गरिएको सेवाहरूको लागि खरीद प्रबन्धक सूचकाङ्क सेप्टेम्बरमा ५०.३ बाट ५२ मा पुगेको छ । यो आँकडा जुलाईपछिको सबैभन्दा राम्रो हो ।

सिन्ह्वाका अनुसार सोमवार सांसदहरूले ऋण प्रतिस्थापन गर्न स्थानीय सरकारको ऋण सीमा बढाउने विधेयकको समीक्षा गरेका छन् ।

साङ्घाईमा वार्षिक ट्रेड शो चाइना इन्टरनेशनल इम्पोर्ट एक्सपोमा बोल्दै लीले विदेशी लगानीका लागि थप उदारता अवलम्बन गर्न चीन प्रतिबद्ध रहेको बताएका छन् । रासस








**ट्राफिक प्रहरीद्वारा निकालिएका अतिरिक्त सिटः** सुर्खेतको वीरेन्द्रनगरस्थित रत्नराजमार्गमा ट्राफिक प्रहरीद्वारा निकालिएका अतिरिक्त सिट । यातायात व्यवसायीले गाडीमा सिट क्षमताभन्दा बढी यात्री राख्न थालेपछि राजमार्गमा सवारी साधन चेकिङ गरी अतिरिक्त सिट निकाल्ने अभियान चलाइएको जिल्ला ट्राफिक कार्यालय सुर्खेतका प्रमुख वकिल सुनारले जानकारी दिनुभयो । तस्बिरः सुरेश आचार्य/रासस

# एक सय ६२ सडक मानवको उद्धार

गलकोट (बागलुङ), २० कात्तिक/रासस

तेइस दिन अघिदेखि प्रारम्भ भएको मानव सेवा आश्रमको मेची–महाकाली राष्ट्रिय उद्धार यात्रा अभियान आज बागलुङ आइपुगेको छ । आश्रमका केन्द्रीय अध्यक्ष रामजी अधिकारी, उद्धार अभियानका सहयोगकर्ता आनीछोयङ डोल्मासहितको ५० सदस्यीय समूहले हालसम्म १६२ सडक मानवको उद्धार गरेको जनाएको छ । समूहले १२१ पुरुष, ३६ महिलाका साथै चारजना बालिका र एकजना बालकको उद्धार गरेको हो ।

अभियानकै क्रममा हाल गण्डकी प्रदेशमा उद्धार अभियान जारी रहेको अध्यक्ष अधिकारीले बताए । "पोखरामा दुई बालिकाको उद्धार गरेका छौं"–उनले भने ।

यसैबीच कार्यक्रममा बागलुङका स्थानीय तीर्थप्रसाद श्रेष्ठले निर्माणाधीन मानव सेवा आश्रमको भवन निर्माणका निम्ति एउटा कोठा बराबरको सहयोग गर्ने प्रतिबद्धता जनाएका छन् ।

धौलागिरिका चार जिल्ला कार्यक्षेत्र भएको बागलुङ शाखामा ६३ जना



तस्वीरः रासस

सहयोगापेक्षी आश्रित छन् । हाल मानव सेवा आश्रमको भवन बागलुङ नगरपालिका–४ निरयघाटमा निर्माणाधीन छ ।

चाडपर्वमा कोही सडकपेटीमा बस्न नपरोस् भन्ने उद्देश्यले मेची–महाकाली राष्ट्रिय उद्धार अभियान प्रारम्भ भएको हो । अभियानको खर्च गायिका आनीछोयङ डोल्माले बेहोरेकी हुन् ।

मेची–महाकाली राष्ट्रिय उद्धार यात्रामा ५० जना यात्री छन् । मानव सेवा केन्द्रले सातवटै प्रदेशका १९ जिल्लामा २५ वटा शाखामार्फत सेवा गर्दै आएको छ ।

# स्वास्थ्यमन्त्रीद्वारा अस्पताल निरीक्षण

राजविराज, २० कात्तिक/रासस

स्वास्थ्यमन्त्री प्रदीप पौडेलले राजविराजस्थित गजेन्द्रनारायण सिंह अस्पतालको आज निरीक्षण गरेका छन् । त्यस क्रममा उनले अस्पतालको निर्माणाधीन भवनको निरीक्षण गर्दै निर्धारित समयमा काम पूरा गर्न निर्देशन दिए ।

उनलाई अस्पतालका प्रमुख श्रीराम तिवारीले अस्पतालमा उपलब्ध उपचार सेवा र जनस्वास्थ्यका क्षेत्रमा अस्पतालले निर्वाह गरेको भूमिकबारे जानकारी दिएका थिए ।

अस्पताल भवन निर्माणकर्ता कम्पनीले समयमा काम पूरा नगर्दा तेस्रो



तस्वीरः रासस

पटक म्याद थपिएको जानकारी दिँदै प्रमुख तिवारीले भवन सम्पन्न नहुँदा सेवा प्रवाहमा समस्या भएको गुनासो गरे ।

# पञ्चेश्वर परियोजनाको 'डिपिआर' शीघ्र पूरा गर्न आग्रह

काठमाडौं, २० कात्तिक/रासस

भारत भ्रमणमा रहेका ऊर्जा जलस्रोत तथा सिंचाइमन्त्री दीपक खड्का र त्यहाँका जलशक्तिमन्त्री सिआर पाटिलबीच आज नयाँ दिल्लीस्थित जलशक्ति मन्त्रालयमा भेटवार्ता भएको छ । त्यस अवसरमा उनीहरूबीच पञ्चेश्वर बहुउद्देश्यीय आयोजना चाँडोभन्दा चाँडो कार्यान्वयन गर्ने तथा बाढी नियन्त्रण, मानव संसाधन विकासलगायत पारस्परिक हित र साझा चासोका विविध विषयमा छलफल भएको मन्त्री खड्काको निजी सचिवालयले जनाएको छ । ऊर्जामन्त्री खड्काले नेपाल र भारतबीच बाढी तथा विपद् व्यवस्थापनसम्बन्धी संयुक्त समितिको बैठक यथाशीघ्र गर्ने पञ्चेश्वरको विस्तृत परियोजना प्रतिवेदन (डिपिआर)लाई अन्तिम रूप दिन अनुरोध गर्नाका साथै टनकपुरदेखि नेपाल–भारत सीमासम्म नहर निर्माण सम्पन्न भएकोमा भारत सरकारप्रति कृतज्ञताज्ञापन गरे । प्रत्युत्तर मा मन्त्री पाटिलले पञ्चेश्वरको डिपिआर शीघ्र बनाउन सकारात्मक जवाफ दिएका थिए । भेटमा नयाँ दिल्लीस्थित नेपाली राजदूतावासका प्रतिनिधिको सहभागिता थियो ।


वीरगंज महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय

## बोलपत्र स्वीकृत गर्न आशयको सूचना

वीरगंज महानगरपालिका नगर कार्यपालिकाको कार्यालयबाट मिति २०८१/०५/२५ गते आन्तरिक आय शीर्षकबाट कर शुल्क सङ्कलन कार्यको लागि ठेक्का बन्दोबस्त गर्न राष्ट्रियस्तरको मधेसदृष्टि राष्ट्रिय दैनिक पत्रिकामा ३० दिने सार्वजनिक सूचना प्रकाशित गरी बोलपत्र पेश गर्न आह्वान गरिएकोमा रीतपूर्वक दर्ता हुन आएका ३ (तीन) थान बोलपत्रहरू कार्यालय प्रतिनिधि एवं बोलपत्र दाता/निजको प्रतिनिधिको रोहबरमा खोलिएका बोलपत्रहरू मूल्याङ्कनका लागि मूल्याङ्कन समितिमा पठाइएकोमा उक्त समितिबाट प्राप्त बोलपत्रहरूमध्ये सबैभन्दा उच्चतम ठेक अङ्कमा सकार गर्ने निम्नानुसारको बोलपत्र सारभूतरूपमा प्रभावग्राही भई स्वीकृतिका लागि छनोट भई आएको हुँदा सार्वजनिक खरीद ऐन, २०६३ को दफा २७ (२) को प्रयोजानार्थ सम्बन्धित सबैको जानकारीको लगि यो ७ (सात) दिने आशयको सूचना जारी गरिएको छ ।

| ठेक्का नं. | बोलपत्रको नाम र ठेगाना | आय शीर्षक | वार्षिक ठेक्का सकार अङ्क (मूअकरबाहेक) | ठेक्का अवधि |
|---|---|---|---|---|
| ३/०८१/८२ | आकृति एडभरटाइजिङ्ग विराटनगर–४ | विज्ञापन कर | रु. ४५,००,०००/– | आव २०८१/०८२ देखि २०८३/०८४ सम्म (३ वर्ष) |


सर्लाहीका कोहार जातिका एक व्यक्तिले सामाचकेवाको मूर्ति बनाउँदै। तस्वीरः नितेश कर्ण

# गोताखोर टोलीद्वारा बेपत्ता दुवैको शव निकालियो

बरहथवा (सर्लाही), २० कात्तिक/रासस

सर्लाहीको ईश्वरपुर नगरपालिकास्थित बयलबासमा आज बिहान दुर्घटना हुँदा कारचालकसहित दुईजना ईश्वरपुर–२ मियाँखोरस्थित पोखरीमा डुबेर बेपत्ता भएका थिए।


तस्वीरः नितेश कर्ण/प्रतीक

कारसहित पोखरीमा खसेर बेपत्ता भएका दुईजनाको शव गोताखोर टोलीले निकालेको छ।

बयलबास बजारबाट महोत्तरी जाँदै गरेको लु २च ६७५८ नम्बरको कार बेपत्ता कारचालक महोत्तरीको गौशाला नगरपालिका–१० का अन्दाजी ३८ वर्षीय सुरेश महतो र सवार महोत्तरीकै सोनमा गाउँपालिका–८ का ३७ वर्षीय रमाकान्त ठाकुरको शव पोखरीबाट गोताखोर टोलीले निकालेको जिल्ला प्रहरीका प्रहरी नायब उपरीक्षक दीपक श्रेष्ठले जानकारी दिए।

कारमा सवार अर्को महोत्तरीको गौशाला–२ का ३१ वर्षीय जनक यादव भने पौडिएर सकुशल पोखरीबाट बाहिर निस्कन सफल भएका थिए। सशस्त्र प्रहरी बलको टोली र इलाका प्रहरी कार्यालय केशवरगंजबाट पुगेको प्रहरी टोलीले संयुक्तरूपमा बेपत्ताको खोजी तथा उद्धार गरेको थियो।

सो टोलीले बेपत्ता फेला नपरेपछि बर्दिवासस्थित सशस्त्र प्रहरी बल नेपाल नम्बर २ छिन्नमस्ता वाहिनीबाट गोताखोर टोली मगाएर खोजी गरिएको थियो। गोताखोर टोलीले शव बाहिर निकालेपछि परीक्षणका लागि प्रादेशिक अस्पताल मलङ्वा लैजाने तयारी भएको प्रनाउ श्रेष्ठले जानकारी दिए। घटनाको विषयमा थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।


# हतियारसहित दुईजना भारतीय पक्राउ

प्रस, वीरगंज, २० कात्तिक/

सर्लाही प्रहरीले हतियारसहित दुईजना भारतीय युवकलाई पक्राउ गरेको छ।

सर्लाही जिल्ला गोडैता नगरपालिका–१२ बाट नलकटुवा पेस्तोल एक थान, १० राउन्ड गोली र नेरु एक हजारको २० थान नोटमा कागजको बन्डल बनाइएको अवस्थामा खोटा मुद्रासहित दुईजनालाई पक्राउ गरिएको जिप्रका, सर्लाहीले जनाएको छ। पक्राउ पर्नेमा भारत, सीतामढीका २६ वर्षीय कुन्नु पटेल र ३० वर्षीय मुकेश पटेल रहेका छन्। उनीहरू भारतको मेजरगंजबाट नेपालको मधुवनी गाउँ आउने क्रममा प्रहरीले चेकजाँच गर्दा निजहरूबाट सो हतियार र खोटा मुद्रा बरामद भएको थियो।

दुवै पैदल नेपालतर्फ आइरहेका थिए र उनीहरूलाई प्रहरीले अदालतमा हाजिर गराई सात दिनको म्याद थप गरी अनुसन्धान गरिरहेको छ।



# कुर्मी सशक्तीकरणद्वारा शुभकामना कार्यक्रम


तस्वीरः प्रतीक

प्रस, पोखरिया, २० कात्तिक/

कुर्मी सशक्तीकरण मञ्च पोखरियाको आयोजनामा सोमवार छठपर्वको अवसरमा शुभकामना कार्यक्रम सम्पन्न भएको छ।

कार्यक्रमका वक्ताहरू दीपक पटेल, बङ्गाराउत कुर्मी, भगवान कुर्मी, इनरदेव पटेल, मितराम कुर्मी, नन्दलाल कुर्मी र लालबाबूराउत कुर्मीले राजनीतिक क्षेत्रबाहेक स्वजातीय एकता कायम गरिनुपर्ने बताए। उनीहरूले आफ्नो समुदायबाट दाइजोमुक्त समाज बनाउन पहल गर्नुपर्ने कुरामा जोड दिए। छठ पर्वको शुभकामना दिँदै उनीहरूले स्वजातीय एकता कायम गरी एकले अर्कालाई सहयोगी भावना देखाउन सकेको खण्डमा स्वजातीय समाजको विकास हुने बताए।

परमानन्दप्रसाद कुर्मीको अध्यक्षतामा पोखरिया नपा–७ गोविन्दपुरमा आयोजित शुभकामना कार्यक्रमको सहजीकरण पन्नालाल पटेलले गरेका थिए।

# कालिकामाईमा रक्तदान ५० जना सहभागी


तस्वीरः सौजन्य

प्रस, वीरगंज २० कात्तिक/

जन सेवा नेपालले कालिकामाई गाउँपालिका–१ मुडलीमा आयोजना गरेको कार्यक्रममा ५० जनाले रक्तदान गरेको रक्तसञ्चार केन्द्र वीरगंजले जनाएको छ।

कार्यक्रममा सन्दीप पटेल, पिङ्कु राम, राजु राम, जुनैद हुसैन, भुपेन्द्र कुमार साह, गजेन्द्र साह, सुरेन्द्र साह, रामकिशोर महतो, उदय सिंहलगायतले रगतदान गरेका थिए। कार्यक्रममा नेपाल रेडक्रस सोसाइटी रेशमकोठी उप-शाखाका युवा संयोजक अभिलाष गुप्ता, रक्त सञ्चार केन्द्रका मनीष गुप्ता, जितेन्द्र कुशवाहा, नितेश यादवले प्राविधिक सहयोग पुऱ्याएका थिए।

जनसेवा नेपालका अध्यक्ष राधेश्यामप्रसाद पटेलको अध्यक्षतामा भएको कार्यक्रममा पूर्वमन्त्री रमेश रिजाल, अजयकुमार पटेल, वडाध्यक्ष लालबाबूराउत बरईलगायतको सहभागिता थियो।

# खेलकूदको संसार

## यु–१९ क्रिकेटः सुदूरपश्चिम फाइनलमा

बैतडी, २० कात्तिक/रासस

नरेश श्रेष्ठ स्मृतिद्वारा विराटनगरमा आयोजित 'यु–१९ पुरुष एकदिवसीय राष्ट्रिय क्रिकेट' प्रतियोगिताको फाइनलमा सुदूरपश्चिम प्रदेश पुगेको छ। सोमवार भएको खेलमा कोशी प्रदेशमाथि १२३ रनको विशाल जीत निकाल्दै सुदूरपश्चिम फाइनलमा पुगेको हो।


तस्वीरः सौजन्य

जीतका लागि १८४ रनको लक्ष्य पछ्याएको कोशी २२.३ ओभरमा ६० रनमा अलआउट भयो। कोशीका कप्तान सौजन घिमिरेले २६, आशिष मगरले १३ रन जोड्नुबाहेक अन्य ब्याटरले दोहोरो अङ्कमा रन जोड्न सकेनन्।

कोशीका लागि म्यान अफ द म्याच चुनिएका सचिन भट्टले उत्कृष्ट बलिङ प्रदर्शन गरे। सचिनले छ ओभर बलिङ गर्दै पाँच विकेट झारे भने नरेन साउदले चार र सौजन घिमिरेले समान चार विकेट झारे।

यस अघि मार्लिबोन विराटनगर ज्वाला क्रिकेट मैदानमा टस जितेर पहिले ब्याटिङ गरेको सुदूरपश्चिम ४७.३ ओभरमा १८३ रनमा समेटियो। सुदूपश्चिमका युवराज खत्रीले ४४, अभिषेक थापाले ३७ रन बनाएका थिए।

सुदूरपश्चिम यो जीतसँगै छ खेलबाट १० अङ्कका साथ अङ्कतालिकाको दोस्रो स्थानमा रहँदै फाइनलमा पुगेको हो। अङ्कतालिकाको शीर्ष स्थानमा रहेको लुम्बिनी प्रदेशसँग सुदूरपश्चिमको बुधवार प्रतिस्पर्धा हुँदैछ।

प्रतियोगितामा सातवटै प्रदेशको सहभागिता रहेकोमा लुम्बिनी र सुदूरपश्चिम प्रदेश फाइनलमा पुगेका हुन्।

# छठपर्व लक्षित विशेष सुरक्षा योजना– प्रजिअ अर्याल

प्रस, वीरगंज, २० कात्तिक/

प्रमुख जिल्ला अधिकारी गणेश अर्यालले पर्सा जिल्लामा हुने छठपर्वलाई लक्षित गरेर विशेष सुरक्षा योजना बनाउने बताएका छन्।

मङ्गलवार पर्सा जिल्लाको सबैभन्दा चर्चित छठघाटस्थल घडिअर्वा पोखरीमा आयोजित कार्यक्रममा बोल्दै उनले जिल्ला सुरक्षा समितिको बैठक बसेर छठपर्वको लागि आवश्यक सुरक्षा रणनीतिसहितको योजना बनाउने बताए। उनले विगतमा भएका घटनाहरूलाई दृष्टिगत गरेर सुरक्षा योजना बनाउने छठपूजालाई पनि पूर्ववत् शान्त वातावरणमा सम्पन्न गर्ने इमानदार प्रयास गरिने बताए। उनले छठघाट परिसरमा



बताए। सुरक्षाका तीनवटै अङ्ग र पालिकास्तरको नगर प्रहरीको समन्वयमा छठपूजाको लागि विशेष समिति बनाउने बताए। उनले पर्सा जिल्ला र महानगरपालिकामा भइरहेको विभिन्न छठघाट पोखरीको स्थलगत अवलोकन गरेको र सोही अनुसारको सुरक्षा रणनीतिक योजनाको तयारीमा रहेको बताए।

उनले घडिअर्वा पोखरी परिसरमा हुने छठघाट २४ वर्षदेखि लादै आएको र यसको सुरक्षा योजनाबारे गम्भीर विचार गरिने बताए। पर्सा जिल्लाकै सबैभन्दा बढी मानिस आएर छठ अवलोकन गर्ने घडिअर्वा पोखरीको सुरक्षा चुनौतीपूर्ण रहेको र यस वर्षको दमकल, एम्बुलेन्स, स्वास्थ्यकर्मीहरूको टोली विगतझैं खटाउने व्यवस्था गरिएको जानकारी गराए।

सशस्त्र प्रहरी उपरीक्षक राधेश्याम धिमालले घडिअर्वा पोखरीमा उद्धारसहितको टोली परिचालन गरिने बताए। प्रहरी उपरीक्षक कुमोद ढुङ्गेलले घडिअर्वा पोखरीलगायत पर्सा जिल्लाका सबै छठघाट पोखरीमा आवश्यक सुरक्षाको व्यवस्था गरिएको जानकारी गराए।

घडिअर्वा छठपूजा व्यवस्थापन समितिका सहसचिव प्रभाकर गुप्ताले शान्ति सुरक्षाको लागि पोखरी परिसरमा २० थान सिसिटिभी जडान गरिएको बताए।


## वायु प्रदूषणका असरहरू

वायु प्रदूषणले
- फोक्सोको क्यान्सर, ब्रोन्काइटिस, दमजस्ता श्वासप्रश्वाससम्बन्धी रोग लाग्न सक्छन्,
- यसले मुटु, रक्तसञ्चार प्रणाली र मस्तिष्कमा समेत गम्भीर असर पुऱ्याउन सक्छ,
- सुख्खा खोकी लाग्ने, घाँटी चिलाउने तथा आँखामा असर देखा पर्न सक्छ,
- शहरी क्षेत्रमा यसको असर बढी हुन सक्छ,

त्यसैले:
- वायु प्रदूषण न्यूनीकरणका लागि सवारीसाधनको समयसमयमा मर्मत गरौं,
- कच्ची सडकहरू कालोपत्रे गरौं,
- वृक्षारोपण गरौं,
- घर, सडक तथा सार्वजनिक स्थानको सरसफाइ गरौं।

वायु प्रदूषणको असरबाट बचौं।

नेपाल सरकार
विज्ञापन बोर्ड